महोपकारक

अमरपुर

महागन्धाराम सयादो

आयुष्मान् जनकाभिवंस महास्थविर

द्वारा

उपदेशित

बुद्ध-शासनिक अनुशासनबाट

आंशिक उपदेश

Dhamma.Digital

# साँचो प्रेम गर (?)

भाषापरिवर्तक

**भिक्षु ज्ञानपूर्णिक** (धम्माचरिय)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# साँचो प्रेम गर (?)

उपदेशक

महोपकारक सयादो जनकाभिवंस महास्थविर

(अमरपुर महागन्धाराम, म्यान्मा:)

भाषापरिवर्तक

भिक्षु ज्ञानपूर्णिक (धम्माचरिय)

Dhamma.Digital

प्रकाशक

श्री बोधिरत्न शाक्य – श्रीमती रेखामाया शाक्य

श्री प्रदीपरत्न शाक्य – श्रीमती करुणाशोभा शाक्य

श्री कनकरत्न शाक्य – श्रीमती मानशोभा शाक्य

सुश्री बिम्बा शाक्य

श्री अमूल्यरत्न शाक्य

Downloaded from http://dhamma.digital/

बु.सं. २५३४
ने.सं. ११११
वि.सं. २०४७
इ.सं. १९९१

पहिलो संस्करण — १०००

(सर्वाधिकार सुरक्षित)

मुद्रक
कान्तिपुर प्रिण्टिङ्ग प्रेस
ॐ बाहाल टोल, काठमाडौं, नेपाल ।
पोष्ट बक्स नं. १४१८
फोन नं. २-१२८५५, २-१६६१६

Downloaded from http://dhamma.digital/

# केही कुरा

बितेको वर्ष धर्मसम्बन्धी विशेष कामले आफ्नो धर्म-गुरुको साथ लागी थाइलैण्ड, मलेशिया, अष्ट्रेलिया र सिंगापुर आदि ठाउँहरूमा पुगें। विशेषत: अष्ट्रेलियामा दुई महिना पूरा समय लाग्यो। मलेशियामा मात्र करीब करीब डेढ-महिना लाग्यो। धार्मिक कार्यक्षेत्रमा उत्रिसकेपछि केही फाटफुट समय निस्किन्थ्यो। मनमा लाग्यो, समय किन खेर फाल्ने, आफ्नो देशलाई केही न केही रूपमा उपयोग हुने काम गर्नुपर्‍यो। यसो सोचें, के गर्नुपर्ला, खोइ! किताबको रैकतिर यसो आँखा दौडाएँ। मझौलाखालको सुनौला अक्षरले नाउँ लेखिराखेको चिटिक्क परेको किताबमा आँखा अडियो। नाउँ राम्रो लाग्यो। रैकको शीशाको फ्रेम घ्या-र्‍र्‍र यता सर्काएँ। किताब झिकें। पहिले त यता उता पाना उल्टाएँ, पल्टाएँ। पछि थचक्क बसी पहिलो विषय पढ्न थालें। उपदेशमाला जस्तो बोलीचालीको भाषामै किताबी रूप दिइराखेको उपदेश सरसरती पढ्दै जाँदा असाध्य मन पर्‍यो, घत लाग्यो। लौ अब यसैलाई भाषा परिवर्तन गरी आफ्नो देशलाई फाइदा पुर्‍याइहालूं त भनी त्यही दिनमै



Downloaded from http://dhamma.digital/

काम शुरू गरें। पढिरहेको बेला मनमा जति सजिलो लागेको थियो, लेख्दा त अर्कै रूप लिन थाल्यो।

बोलीचालीको व्यावहारिक भाषामा उपदेश दिइरहेको रूपमै लेखिराखेकोलाई भाषा परिवर्तन गर्दा निकै अप्ठेरो हुने रहेछ। त्यसमा पनि आफूलाई अभ्यास नभएको नेपाली भाषामा लेख्न थालेको। म त झुतुक्क भएँ। लौ न अब कसरी लेख्ने हो? एकछिन घुरेर बसें। फेरि मनले घच्चे-ट्न थाल्यो। लेख न लेख, के हुन्छ र, आफ्नो देशमा पुगिस-केपछि कोही न कोही सहयोगी त फेला परिहाल्ला नि। पहिले पहिले अलि अलि त गाह्रो हुने नै भो नि त। लेख्दा लेख्दा सजिलो भएर आइहाल्ला नि।

यस्तै यस्तै प्रेरणा लिँदै दिक्क मान्दै, अल्छी हुँदै लेख्दै गएँ। एक खण्ड बल्ल बल्ल सिध्याएँ। पढेर हेरें। राम्रो राम्रो जस्तो लाग्यो तर कहीं कतै मसला न मिले जस्तो, नून नपुगे जस्तो, पकाउन बाकी रहे जस्तो। आधा पाकेको काँचो काँचो जस्तो लाग्न थाल्यो। त्यसो हुँदा लेख्ने कि नलेख्ने, लेख्ने कि नलेख्ने भनी दोधारमा परें।

अगाडि अर्को विषय कस्तो होला! हेरौं न एकपल्ट भन्दै अगाडिको अर्को विषय शुरू गरें। त्यो झन गाह्रो लाग्यो। शब्दै नपुगे जस्तो, भाव नै नपुगे नमिले जस्तो कस्तो कस्तो भान हुन थाल्यो। केही दिनको लागि अर्को एउटा किताबको भाषा परिवर्तनतिर लागें। त्यो चाहिँ सजिलो लाग्यो। त्यसैमा दिल-



Downloaded from http://dhamma.digital/

चस्पी बढ्दै गयो। लेख्न थालेको पनि नेपालभाषामा भयो। सजिलोपन आयो। पहिलेको काम बीचैमा छुट्ने जस्तो भयो। फेरि लेख्न थालें। मनलाई प्रोत्साहन दिँदै गएँ तर उही विषय के गर्नु, केही सीप लागेन। आधा जति किताब सिध्याइसकेपछि त ठ्याम्मै अडियो। आजसम्म पनि त्यो काम अधुरो रहेको रहेकै भयो। पूरा गर्न सकिएन।

तैपनि जे जति घचेट्दै घचेट्दै लेख्ने गरेको थिएँ, त्यसैको केही अंशले आज स्यानो पुस्तकको रूप लिन लागेको छ।

यो काम यस रूपमा ल्याउन मलाई ममता र श्रद्धापूर्ण दृष्टिले हृदयदेखि सघाउने हाम्रा अतिव्यस्त बुद्ध–उपासक धर्म मित्र दरबार हाइस्कूलका प्रधानाध्यापक श्री सुवर्ण शाक्यज्यू हुनुहुन्छ। वहाँको सौहार्द्रपूर्ण सक्रिय र अनर्घ सहयोग विना यस पुस्तकको भाषा पनि मीठो हुने थिएन। भाव पनि रसिलो हुने थिएन। अझ वहाँको अनुभूति पूर्ण भावना यसमा थप्न नपाएको भए यो पुस्तकको रूपरेखाले कुन कस्तो रूप लिने होला! मलाई त भन्न नै असजिलो असजिलो जस्तो छ। तसर्थ वहाँलाई के कस्तो शब्द प्रकट गरी आफ्नो कृतज्ञता व्यक्त गर्ने हो, मनको भाको पोख्न मुश्किल परिरहेको छ। जे होस् वहाँलाई मेरो अन्तर्मनदेखि साधुवाद छ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital/

त्यस्तै त्रिशूलीका अति श्रद्धावान् उपासक श्री बोधिरत्न शाक्यज्यू एक दिन सरासर मकहाँ आइपुग्नुभो। वहाँले आफ्नो जीवित जन्मदाता पिताज्यूको पुण्यार्थ एउटा स्यानो पुस्तक प्रकाशित गर्ने मनसाय पोख्नुभो। नेपालीमा भए निकै बेश हुन्छ भन्ने भावना पनि वहाँले अगाडि सार्नुभो। वहाँको सदिच्छा साकार तुल्याउन यही पुस्तक उपयुक्त हुने कुरा व्यक्त गरें। वहाँले तुरुन्तै पुस्तक छपाईको लागि आफ्नो श्रद्धा अर्पण गर्नुभो। सुवर्ण शाक्यज्यूसित कुराकानी चल्यो। वहाँ आफैले संशोधन जस्तो असजिलो काम र प्रूफ हेर्ने कामको साथै छपाईको काम समेत आफ्नै प्रेसमा गरिदिनेछु भनी सम्पूर्ण जिम्मा बोक्नुभो। के खोज्छस् काना, आँखा भने जस्तै मलाई त यस्तो व्यक्तिको सहयोग मिल्यो, मन एकदम ढुक्क भइहाल्यो। काम शुरू भयो। आफूले केही गर्नु नै परेन। श्रद्धा र सहयोगको परिणाम यस्तो पो हुँदोरहेछ! म त हात पोको पारी बसिरहें।

आज यी नै अति श्रद्धावान् धर्मप्रेमी द्वयको श्रद्धाको प्रतीक यो पुस्तक पाठकवृन्दहरूको सामुन्ने आइराखेको छ। यस स्यानो पुस्तकबाट पाठकवृन्द लाभान्वित हुने नै छ भन्ने आशा एवं विश्वास राखेको छु। अलिकतिमात्र पनि लाभ यस पुस्तकले पुऱ्याउन सके पनि यस पुस्तकको उपादेयता सन्तोषजनक रहेको रहेछ भन्ने सम्झी आफ्नो अधुरो नौलो



Dhamma.Digital
Downloaded from http://dhamma.digital/

प्रयास केही हदमा सफल भएको सम्झन पाउनेछु। यो मेरो यस प्रकारको प्रयास पहिलो प्रयास नै हो भन्नुमा अत्युक्ति होला जस्तो लाग्दैन।

बस्तुत: सबै सहयोगी श्रद्धालु सद्धर्मप्रेमीहरूप्रति अन्तस्करणदेखि फेरि साधुवाद र धन्यवाद ज्ञापन गर्दै आफ्नो केही कुरा यहीं टुंग्याउन चाहन्छु। धन्यवाद !

भवतु सब्बमङ्गलं ।

—भाषापरिवर्तक

विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
काठमाडौं ।
२०४७-९-२५

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# सानो अभिव्यक्ति

मान्छे जीउँछन् भएभरको सुखसुविधा लुट्नको लागि। मान्छेले हण्डर खान्छन् त्यही सुखसुविधा पूर्वकको जीवनको लागि। तर एउटा कुरा सुखसुविधा के हो भन्ने चाहिँ मानिसमा छ्वाट्ट खुल्दो रहेनछ । कोही खान्छन् पिउँछन् मोज उडाउँछन् त्यसैलाई सुखसुविधा भन्दछन्। कोही पढ्छन् गुन्छन् शक्ति सम्पन्न हुन्छन् त्यसैलाई सुखसुविधा भन्दछन्। कोही लड्छन् बाझ्छन् र जित्छन् त्यसैलाई सुखसुविधा भन्दछन्। कोही माया मोहमा भुली तृष्णाको रसास्वादन गर्दछन् त्यसैलाई सुखसुविधा भन्दछन्। कोही जंगलमा बस्छन् एकान्तबास गर्छन् त्यसैलाई सुखसुविधा भन्दछन्। कोही समाजमा बस्छन् विरक्त बन्छन् त्यसैलाई सुखसुविधा भन्दछन्। यी कुराहरू मानिसको जीउनीभित्रमा हिजो, आज र भोलि समानरूपमा रहिरहने रहेनछ। एउटै जीवनमा विभिन्न कुराको खायस हुँदोरहेछ। उमेर, सत्संग, परिस्थिति र बदलिँदो समयले मानिसलाई विभिन्न ढोकामा पुऱ्याउँदोरहेछ अनि विविध अनुभवको पोको मानिसको काँधमा झुण्ड्याइँदोरहेछ। अन्तमा गएर सुखसुविधाको वास्तविक अर्थ खुल्दोरहेछ ।



Downloaded from http://dhamma.digital/

त्यसैले एउटै जीवनमा मानिसका धेरै रूप हुँदारहेछन्। यी कुराहरूको सत्यबोध गर्न मानिसले धेरै ठाउँमा लाग्नुपर्छ र धेरै अध्ययन मनन गर्नुपर्दछ। आज मैले यस्तो एउटा अद्भूत कुरा देखें, सानो दृष्टिमात्रले जीवन छर्लंगिने बस्तु। त्यो के होला भन्ने कुतकुती लाग्न सक्छ, त्यो यहीँ छ, यही हो मात्र एउटा सानो पुस्तक 'साँचो प्रेम गर (?)'

संसारमा ग्रन्थहरू धेरै छन्, उपयोगी छन्। तर कुनै सुपारी झैं टोकी टोकी दाँतको बीचमा च्यापी फुटालेर खाए झैं फोर्नुपर्ने छन्। भने कुनै हलुवा झैं घोटेर मिहीन पार्नुपर्ने। यसरी मिहेनत गर्न कसैलाई समयले साथ दिँदैन भने कसैलाई के के को अनुकूल मिल्दैन तर यो पुस्तक त्यस्तो छैन, ज्यादै सरल र सरस छ। यहाँ जीवन छर्लंगिन्छ आफैलाई घटेको घटना जस्तो उदाहरणद्वारा। यो पुस्तक उपदेशमाला हो तर यसमा एकोहोरो उपदेश छैन बरू जीवन्त घटनाका उदाहरण छन्।

लेखक व्यावहारिक छन्, उनको आचार व्यवहार थाहा छैन, चिनेको छैन, नाउँमात्र थाहाभयो आयुष्मान् जनकाभिवंश महास्थविर। उनी कसरी व्यावहारिक भए ? उनको पुस्तकको विचारद्वारा अनुमानसिद्ध भएको छ। उनको भूत भविष्यको जानकारी अनुमानसिद्ध कुरा भएको छ जुन अनुमानसिद्धता उनकै ठोस विचार हो।

यस्तो ठोस पुस्तक नेपालमा कसरी पस्यो र नेपाली भाषामा कसरी प्रकाशित भयो ? भन्न सजिलो छ, बुझ्न गाह्रो



Downloaded from http://dhamma.digital/

छ। भावनाशून्य व्यक्तिबाट यो अवश्य पनि नेपालमा पसेको होइन। सहृदयी एवं भावनापूर्ण व्यक्तिबाट नै यो यसरूपमा आउन संभव भएको हो। आफ्नो देशको आचार भावसँग मिल्दो जुल्दो, देशबासीको जनजीवनलाई समुत्थान गर्ने एवं सहजै अँगाल्न सकिने विषय खोज्नु र रोज्नु भनेको त्यस्तै व्यक्तिले मात्र गर्न सकिने हो जसलाई आफ्नो देशका बान्धवहरूको धर्म र मर्म थाहा छ अनि तिनीहरूको समुत्थानमा दिलो ज्यान गएको छ अनि फेरि सरलताको बोध गरेको छ। त्यो व्यक्ति स्वयं यस पुस्तकको भाषान्तरकार हुनुहुन्छ। महास्थविर ज्ञान पूर्णिक। वहाँको अरू परिचय चाहिँदैन, यही पुस्तकमात्र पनि परिचयको लागि पर्याप्त छ भन्ने मेरो धारणा छ।

बर्मेली भाषावाट लेखिएको यस पुस्तकलाई ज्यादै मिहेनत गरेर भाषान्तर गरेको मैले पाएको छु। बर्मेली प्रकारको बोलीचालीको भाषा भएकोले जतिसुकै नेपाली भाषाको प्रकृतिसँग साक्षात्कार गर्न खोजिएतापनि पूर्वप्रभावबाट यो मुक्त छैन। तथापि विषयवस्तु चयन नै यसको मुख्य देन भएको छ। यस्तो पुस्तक सम्बन्धी कार्यमा केही समय दिने सुअवसर दिनुभएकोमा पूज्य भन्ते ज्ञानपूर्णिकप्रति हार्दिक आभार व्यक्तगर्दछु।

२०४७ माघ १६<br>
बुधबार, सिपुन्ही<br>
(बुद्धद्वारा आयुसंस्कार परित्याग)

सुवर्ण शाक्य<br>
ॐ बाहाल टोल, काठमाडौं



Downloaded from http://dhamma.digital/



(रत्नदेव शाक्य)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# रत्नदेव शाक्यको परिचय

श्री रत्नदेव शाक्य ललितपुर नगर अनर्मंत हिरण्यवर्ण महाविहारका संघ एवं नागबहाल इल्हाननी टोलका महाद्य: खलकका सन्तति हुनुहुन्छ। वहाँका पुर्खाहरू ल्हासामा व्यापार गर्ने कोठी भएका बत्तीसकोठी महाजनहरूमध्ये एक हुन्। साथैं हिरण्यवर्ण महाविहारका प्रमुख कार्यकर्ताहरू-मध्ये विहारका भण्डारभित्रका अचल वस्तुको रेखदेख एवं चलन चल्तीका सम्पूर्ण देवी, देवताका आभरण, पुस्तक र भाँडा वर्तन आदि लेनदेन र सुरक्षामा लाहाछाप राख्ने र छाप तोड्ने अधिकारी भएका दुइजना चिछ्या: (छाप तोड्ने) चिछ्यू (छापलाउने) पदका सदस्यहरूमध्ये एकजना हुनुहुन्छ।

व्यवसायमा मूर्तिकला निर्माणमा निपुण भएको हुनाले पशुपतिक्षेत्रका नजिक विश्वरूपको मूर्ति निर्माण गर्दा यस खलकका हर्षधन र धुंधन भन्ने दुई दाजु भाइहरू त्यस कार्यमा समावेस भएका र सिद्धहस्त भएका हुनाले पशुपति महादेव स्थानमा मूर्तिकला निर्माणमा महारथ हासिल हुँदा 'महाद्य:' भन्ने उपनाम प्राप्त भएको भन्ने किंवदन्ती छ।

सोही महाद्य: खलकका हर्षधन धुंधनका कान्छाभाइ



Downloaded from http://dhamma.digital/

कुलमान शाक्यका पुत्र देवराज शाक्यकी धर्मपत्नी सानुमाया का ७ छोराछोरीमध्ये तेश्रो एवं छोराहरूमा जेठा श्री रत्नदेव शाक्य हुनुहुन्छ। वहाँको जन्म आफ्नै कुलघरमा नेपाल सम्वत् १०३० मा भएको थियो।

जस्तै नामी धनी कुल भए पनि आपत विपत भन्ने सबैलाई पर्ने संसारको स्वभाव धर्म नै हो। त्यस्तै महाद्य: खलकमा पनि ल्हासाबाट आफ्नो सम्पत्ति नेपालमा ल्याइसकेपछि अंश सम्बन्धी झगडा भयो। झगडाको चपेटमा परेर आफ्ना सारा सम्पत्ति नाश भयो। माहिलो धुंधनको वृद्धावस्थासम्म पनि अविवाहित रही परलोक भयो। कान्छो कुलमान आफ्नो जेठान धर्मराजको अनुरोधमा त्रिशूलीमा ज्यासल थाप्नपुगेपछि त्रिशूलीबाट जेठानसँग अलग्ग भई वेत्रावतीमा बस्न गए। त्यहीँ इष्टमित्र बनाई त्रिशूलीमा घरघडेरी जोडी स्थायी रूपमा ज्यासल चलाई बसे।

उनै कुलमानको समयमा त्रिशूली वजार स्थित शाक्य वज्राचार्यहरू मिली मत्स्येन्द्रनाथको स्थानमा प्रत्येक संक्रान्तिको दिन स्तोत्र पाठगर्ने संल्हूगुठी स्थापना गरे जसमा थकाली कुलमान शाक्य १, पुण्यराज शाक्य १, रत्नराज शाक्य १, देवराज वज्राचार्य १, धर्मराज शाक्य १ र संमय्सि शाक्य १ समेत ६ जना गुठीयार थिए। त्यस बखत मत्स्येन्द्रनाथ मन्दिरमा रिंगेबत्ती बाल्ने चाक:मत राखे। सबै शाक्य वज्राचार्यहरू मिली मत्स्येन्द्र स्थानमा प्रत्येक श्रावण महिना अर्थात्



Downloaded from http://dhamma.digital/

गुंलाभरि बिहान नामसंगीति पाठ गर्ने नेपालका सांस्कृतिक बाजा धाः नाय्खिं आदि बजाई बजार परिक्रमा गर्ने र बेलुका स्तोत्र पाठ गरिसकेपछि दाफा भजन गर्ने थिति पनि बसालेका थिए ।

उनै कुलमान शाक्यका नाति रत्नदेव शाक्यको ५ वर्षको उमेरमा कुल परम्परा अनुसार चूडाकर्म भयो । त्यस बखत पढ्ने स्कूलहरू नभएको हुँदा केवल साथी सङ्गातिहरूसँग देखासुनीमा नै आफूलाई चाँहिदो अक्षर र गणित सिके । १७ वर्षको उमेर पुगेपछि ललितपुर भुलुकू टोलका श्री बुद्धवीर-की छोरी आशामाया शाक्यसँग वहाँको विवाह सम्पन्न भयो ।

रत्नदेव शाक्य बालकैदेखि आफ्ना बुबा देवराज शाक्य-सँग त्रिशूलीमा बसेर काम गर्नुभन्दा नयाँ नयाँ ठाउँमा गएर काम गर्ने र नयाँ नयाँ काम गर्ने रुचि राख्ने स्वभावका हुँदा यौवनकालमा गाउँ गाउँमा गई ज्यासल थाप्ने र त्रिशूलीमा पनि अरूले पहिले नगरेका उद्योगका कामहरू जस्तै पानीको पावरबाट मील चलाउने र नयाँ जग्गा फडानी गरी फलफूलको खेती गर्ने आदि कामका साथै सामाजिक र राजनैतिक कार्य-हरूमा संलग्न हुने आदि काममा लाग्ने हुनाले त्यसबाट पाइने सन्तोषको साथै जस्तो सुकै आपत विपत दुःख कष्टको सामना गर्नुपरे पनि धैर्य धारण गर्ने क्षमता उनमा थियो ।

२००५ सालमा वहाँका बुबा देवराज शाक्य परलोक



Downloaded from http://dhamma.digital/

हुनुभयो । आफ्ना भाइ आशाकाजीसँग भिन्न भएपछि त्रिशूली-मा नै ज्यासलमा बसी काम गर्नुभयो । छोरा बोधिरत्न शाक्यले ज्यासलको काम धान्ने भएपछि पुनः मीलको काम शुरू गर्नुभयो। पछि त्रिशूली हाइडेल प्रोजेक्ट आएपछि ज्यासलको काम चट्टै छोडी ठेक्कामा लाग्ने र व्यापारको काम सँभाली व्यापार तथा मील चलाउने व्यवसायमा मात्र लागे।

सामाजिक क्षेत्रतर्फ २००७ सालमा प्रजातन्त्र आएपछि त्रिशूलीमा स्कूल स्थापना भयो। स्कूलमा २००९ र २०१२ सालमा संचालक समितिको अध्यक्ष र उपाध्यक्ष पदमा रही सेवा गर्नुभयो । यही २००९ सालमा सुगतपुर विहारमा सुगत बौद्ध मण्डलको स्थापन भयो । त्यसमा पनि अध्यक्ष पद-मा रही आजसम्म सेवा गर्दै रहनुभएको छ। २०१६ सालमा आफ्नी धर्मपत्नी आशामायाको परलोक भयो । उनको पुण्यस्मृत्तिमा सुगतपुर विहारको दायाँपट्टि २३ हात लामो एउटा आवास निर्माण गरी भिक्षुसंघलाई दान गर्नुभयो।

त्यस्तै २०४२ सालमा १४ कोठा भएको ध्यानागार निर्माण हुँदा एक कोठाको व्ययभार वहन गर्नुभई सामूहिक रूपमा संघदान गर्नुभयो। २०३८ सालमा २००९ सालमा स्थापना भएको पुर्ह्लो गुठीलाई सुगतपुर विहार दायकपरि-षद्को नाम राखी पुनर्गठन भएपछि विहारमा आजीवन सदस्य बनाउने नियम बनाइयो । त्यस आजीवन सदस्यमा आफू समेत छोरा बोधिरत्न शाक्य, नाति प्रदीपरत्न शाक्य र पनाति अमूल्यरत्न शाक्य गरी चारै पुस्ता आजीवन सदस्य बन्नु-



Downloaded from http://dhamma.digital/

भयो। दायकपरिषद्को नियमानुसार वहाँले आफ्नी श्रीमती आशामाया शाक्यको पुण्यस्मृतिमा आवास बनाई दान दिएको हुनाले विहारको संरक्षक सदस्यको अधिकारी पनि वहाँ भन्नुभएको छ। वहाँ दाफा भजन एवं ज्ञानमाला भजनमा पनि अभिरुचि राख्नेमात्र होइन त्यस भजनलाई संरक्षित गर्न प्रयत्नशील पनि हुनुहुन्छ। २००५ सालमा राणाशासनको अन्याय विरुद्ध गाउँ गाउँमा गई शोषण विरुद्ध आवाज उठाउँदा नुवाकोटको बडाहाकिमले वहाँलाई गाइगोठ काण्डको झूठा आरोप लगाई बन्दी बनाएको थियो। राजनीतितर्फ पनि वहाँ २००७ सालदेखि नै नुवाकोट जिल्लाको नेपाली कांग्रेस जिल्ला शाखाको संगठनको मन्त्रीपदमा रही काम गर्नुभएको थियो र त्यसबेला गाउँघरमा कांग्रेसको माउ मन्त्रै उपाधि समेत चलेको थियो। त्यस्तै २०१७ सालमा वहाँ पनि अन्य साथीहरू समेत नुवाकोटबाट बन्दीबनी डिल्लीबजारको जेलमा पर्नुभएको थियो।

आज वहाँ ८१ वर्ष नाघेर ८२ मा लाग्नुभयो अर्थात् वहाँले १००० पूर्णिमाको पूर्णचन्द्र दर्शन गर्नुभयो, तैपनि वहाँ उत्तिकै जांगरिलो हुनुहुन्छ। दिनहुं जस्तै सुगतालय चैत्य र सुगतपुर विहार परिक्रमा गर्नुहुन्छ। साथै व्यवसायमा पनि छोरा नातिहरूलाई सगाउँदै हुनुहुन्छ।

— धर्मरत्न शाक्य
त्रिशूली



Downloaded from http://dhamma.digital/

# भूमिका

काठ ओसार्ने हात्तीहरूलाई माहुतेले घुँडाले हात्तीको काननिर प्याट्ट प्याट्ट हानी घुस्सा मारी होश दिलाईराख्नुपर्छ। त्यसरी निरन्तर होश दिलाई राखेमा मात्र हात्तीले काठ ओसार्ने र काठ पल्टाउने आदि आफूले गर्नुपर्ने काम गर्दछ।

त्यसरी नै पृथग्जनका चित्तलाई पनि बुद्धोपदेश अपवाद अनुशासन रूपी घुँडाले हरदम लातमारिरहन्छ र होश दिलाईराख्छ। त्यसरी होश दिलाइराखेमा मात्र आफूले गर्नुपर्ने कुशल कार्यहरू गर्न सकिन्छ।

यस प्रकारको स्वभाव र चरित्रलाई गहिरिएर जान्नु बुझ्नुभएका महागन्धाराम सयादोले आफ्नो आराममा आइपुग्ने शिष्यहरूलाई विहानको समय (अरुणोदयको जलपान पछि भिक्षाटन जानुभन्दा अघि) दिनहुँ अववाद अनुशासन ग्रहण गर्ने समयको रूपमा निमित्त गरी अववाद उपदेश दिनुहुन्थ्यो।

भगवान् बुद्धले पनि आफ्नो जीवमान कालमा विहान भिक्षाटनबाट फर्की गोडा धुने पीड्कामा गोडा धोइसकेपछि घेरै



Downloaded from http://dhamma.digital/

भिक्षुहरूलाई ... "अप्पमादेन भिक्खवे सम्पादेथ ... अप्रमादी, जागरुक, शुद्ध, पवित्र धर्मद्वारा शील, समाधि र प्रज्ञा त्रिविध शिक्षालाई उच्चस्थ रूपमा सम्पादन गर।"

बुद्धुप्पादो दुल्लभो लोकस्मिं ...

१) भगवान् बुद्धहरूको प्रादुर्भाव यस लोकमा दुर्लभ छ।

मनुस्सत्तभावो दुल्लभो ...

२) मनुष्य आत्मभाव (जीवन) दुर्लभ छ।

दुल्लभा सद्धा सम्पत्ति .....

३) मनुष्य आत्मभाव (जीवन) लाभ भए पनि योग्य उचित स्थान, चक्षु, श्रोत, घ्राणादि इन्द्रिय सम्पन्न हुनु श्रद्धा धर्म आदिले सम्पन्न हुनु दुर्लभ छ।

पब्बजितभावो दुल्लभो .....

४) बुद्ध – शासनको अभिभार वहन गर्ने श्रमण भिक्षुहरूको जीबन पनि दुर्लभ छ।

दुल्लभं सद्धम्मसवनं .....

५) सत्पुरुषहरू धर्मश्रवण गर्नु पनि दुर्लभ छ। यसरी दिनहुँ अनुशासन अववाद दिनुहुने विषय अनेकौं ग्रन्थहरूमा उल्लिखित छ। तसर्थ महागन्धाराम सयादोले भगवान् बुद्धको नीति ग्रहण गरी दिनहुँ यस्तो अववाद दिने गर्नुभएको हो।

## अववाद दिने ठाउँ न्यायालय पनि हो

महागन्धाराम सयादोको प्रति: अववाद दिइने स्थान



Downloaded from http://dhamma.digital/

विभिन्न क्रियाकलापलाई परीक्षण गरी दण्ड अपराध घोषणा गर्ने न्यायालय बनि हो ।

अवश्य ! आराम सम्बन्धी साना ठूला दोष र अपराध उल्लंघन गरेका शिक्षक विद्यार्थी श्रमण भिक्षुहरूलाई त्यस अववाद समयमा परिषद् सामुन्ने उभ्याई अनुशासन गर्ने सया–दोको बानि थियो ।

दोषी श्रमण भिक्षुले त्यस प्रकारको अववाद समयमा परिषद् सबै भेला भएको बेला उभिएर देखाउनुपर्छ । त्यसबेला सयादोले उभिएको त्यस व्यक्तिलाई किन उभिनुपरेको भनी कारण सोध्नुहुन्थ्यो । फलानो दोष उल्लंघन गरेकोले उभिनु–परेको हो भन्ने कारण सहितको जवाफ दिनुपर्थ्यो ।

त्यस बेला त्यस दोषी व्यक्ति सम्बन्धी जिम्मेवारी गुरु-लाई बोलाइन्थ्यो । त्यस जिम्मेवार गुरु पनि परिषद् बीच उभिनुपर्थ्यो । त्यसपछि सम्बन्धित कार्यको दोषी र अपराधी–हरूसंग सोधपूछ गरिन्थ्यो ।

अन्तमा दोष अनुरूप बालुवा ओसार्ने र पानी ओसार्ने आदि दण्ड गरी सम्बन्धित दोष अनुरूपको दण्ड सम्बन्धित जिम्मेवार गुरुले लिनुपर्थ्यो ।

त्यसो गर्नाले नियन्त्रण गर्नुमा, नियम नीति पालन गर्नुमा शान्ति सुरक्षा कायम राख्नुमा निकै सघाउ पुऱ्याउँथ्यो । "यस किसिमको अपराध उल्लंघन गरिएमा त्यस प्रकारको दण्ड भोग्नुपर्नेछ" भन्ने ज्ञान अन्य शिक्षक विद्यार्थी संघको मन र मस्तिष्कमा घुसाइदिएको हुन्थ्यो ।



Downloaded from http://dhamma.digital/

त्यस अतिरिक्त सम्बन्धित जिम्मेवार गुरु भिक्षुहरूमा पनि आफूसित सम्बन्धित शिष्यहरूप्रति अनुशासन गर्नु र नियम नीति पालन गराउनुमा शिथिलता ल्याउन नदिई पालन गराइएको पनि हुन्थ्यो। उनीहरूको दृष्टिले सम्बन्धित शिष्यहरूप्रति अववाद अनुशासन गर्नुमा पनि माथिबाट अनुबल दिइएको हुन्थ्यो ।

## अध्ययन क्षेत्रहरूमा हुनु योग्य

यो अववाद-समय ठूलठूला शिक्षणसंस्थानहरूमा अवश्यमेव हुनु योग्य छ। आज बर्मा देशमा रहेका ठूलठूला धार्मिक शिक्षणसंस्थानहरूमा रहेका संघहरूलाई सम्बन्धित शिक्षक भारवाहक र नायक आदिहरूले विधिवत् संरक्षण गर्न नसक्नु यो अववाद-समयको अभाव हुनुमा पनि एक कारण रहेको कुरा महास्थविर गन्धाराम सयादोले महसूस गर्नुभएको थियो। आज भोलिका नायक महास्थविर सयादोहरूले पनि यसलाई महसूस र विश्वास गरेका छन् ।

त्यसकारण बर्मा देशका धेरै जसो शिक्षण संस्थानहरूमा यो अववाद-समय हुनु योग्य छ। त्यसो भएमा अहिले भन्दा पनि बुद्धशासनको विशुद्धतालाई कायम राख्न सकिनेछ।

यसरी विभिन्न क्षेत्रमा शासन भारवाहक श्रमण र भिक्षुहरू विशुद्ध रूपमा उत्पादन गराउन सकिने यो अववाद दिनुलाई महागन्धाराम सयादोले सही मूल्यांकन गरी सत्-प्रयोग गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

त्यसको अतिरिक्त यो अववाद दिने समयमा, अववाद दिनुभन्दा अगाडि .... नवांग बुद्धगुण; षष्ठांग धर्मगुणहरू-लाई पालै पालो गरी पाठ पूजा र प्रणाम गराउने जस्ता कुरा-द्वारा बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृतिभावनाहरूलाई पाँच छ: सय संघहरूबाट एकसाथ वृद्धि एवं उत्पन्न गरा-उँथ्यो ।

त्यसको अतिरिक्त अस कुराले संवेगबस्तु आठ र मरणस्मृतिभावना आदिलाई पनि पाठ पूजाका साथै वृद्धि पनि गराउँथ्यो ।

अववाद दिइसकेपछि सम्बन्धित आ-आफ्ना विहार-हरूतिर फर्कने बेलामा भने दशै दिशामा मैत्री फैलाउन लगाई मैत्री कर्मस्थानलाई वृद्धि गराउँथ्यो ।

त्यसपछि सर्वज्ञताज्ञानको त्रिशक्तिलाई पाठपूजा र प्रमाण गराई बुद्धानुस्मृति भावना उत्पन्न गराइसकेपछि सर्वा-न्तमा आज गरेको जे जति कुशल पुण्य भाग छ, त्यसलाई आमा, बाबु, गुरु र आचार्य प्रमुख गरी ३१ भुवन निवासी सत्वहरूलाई समभावले पुण्य बाँडिदिने, पत्तिदान कुशल पुण्य र विश्वव्यापी सत्पुरुषहरूले गरे जति अहिले आफूले परस्पर-मा गरे जति कुशल कर्महरूलाई सहर्ष तीन पटक साधुवाद दिने, पत्तानुमोदन कुशल वृद्धि गराई आ-आफ्ना विहारमा फर्की आँगन बढार्ने, पिउने पानी ओसार्ने आदि शयनासनव्रत गरिसकेपछि भिक्षाटनमा निस्कनुपर्थ्यो ।



Downloaded from http://dhamma.digital/

यसरी बुद्धशासन स्थिर वृद्धि संवृद्धि हुने कारण यस अववाद दिने कार्यकालमा सयादोले दिनुभएको अनुशासन उपदेश अववादहरूलाई अनुनायकहरू जस्तै —

१ — स्थविर ऊ. पञ्ञाजोत
२ — ,, ऊ. जनिन्द
३ — ,, ,, कविनन्द

आदि व्यक्तिहरूले ~~भाएसम्म लेख्ने~~ कार्यद्वारा दिनहुँ रिकर्ड गरिराख्नुभएको थियो ।

उहाँहरूले लेखिराखेका अववादहरूलाई नायकसमिति मार्फत् अनुनायक आयुष्मान् पण्डिताभिवंसलाई संशोधन र परीक्षण गर्न लगाई अहिले जस्तै पुस्तकको रूपमा मुद्रित गराई प्रचार प्रसारमा ल्याइएको थियो ।

## रिकर्ड

यसरी महागन्धाराम सयादोले महिनौं, वर्षौं लगाई अववाद दिनुहुँदा कष्ट गरी प्रयत्न साथ डटेर शर्टहैण्ड विना सामान्य लेखन प्रक्रियाद्वारा लेखी सारी संरक्षण गर्नुभएका मध्ये

१ — ऊ. पञ्जाजोत
२ — ऊ जनिन्द
३ — उ. कविनन्द

हरूलाई र संशोधनकर्ता आयुष्मान् पण्डिताभिवंसलाई नायक समितितर्फबाट धन्यवाद प्रदान गर्दै प्रशंसाका शब्द व्यक्त गर्न



Downloaded from http://dhamma.digital/

चाहन्छन् ।

नायक सयादोहरू

१३४६–ज्येष्ठ शुक्ल त्रयोदशी । महागन्धाराम विहार

अमरपुर नगर

# अतुलनीय अववाद

## नमत्थु अतुलोवादस्स !

अतुलोवादस्स अर्थात् सम्पूर्ण ३१ भुवनमा अतुलनीय अववाद अनुशासन हुनुभएको, समान अववाद भएका प्रत्येक बुद्ध श्रावक पनि हुनु भएक, समान अववाद भएका प्रत्येक बुद्ध श्रावकहरूभन्दा अत्यधिक उत्तम हुनुभएका, कामसुखल्लिकानुयोग अववाद, अत्तकिलमथानुयोग अववाद जस्ता हीन अतिअन्त अववादलाई नदिई, कुनै अन्तमा न लागी मध्यस्थ रही सममापदण्ड समसन्तुलन सहित दान, पञ्चशील, अष्टशील, दशशील २२७ शील, भावनाकुशलधर्महरूले सिद्ध अष्ट मार्गांग मध्यमप्रतिपदा अववाद हुनुभएको ।

असन्तुलित अतिहीन अतिअन्त अववाद भएका मिथ्यादृष्टिहरूसित सैद्धान्तिक रूपमा प्रतिपक्षी हुनुभएको ।

असन्तुलित अतिहीन अतिअन्त दुई प्रकारका अववादलाई राम्ररी आघात पुऱ्याई निन्दा उपहास गर्ने बानि भएका उहाँसंग प्रतिस्पर्धा गरी अववाद गर्न सक्ने व्यक्तिहरूबाट निरोध र शून्य हुनुभएको ।



Downloaded from http://dhamma.digital/

अतुलनीय अववाद हुनुभएका अघि अधिका तथागत-हरूसितमात्र समान हुनुभएको।

समान अववाद भएका व्यक्तिहरूदेखि गुणको हिसाबले भिन्नाभिन्न पनि हुनुभएको।

समान अववाद भएका व्यक्तिहरूदेखि अति नै टाढा पुग्नुभएको सामान्य मामुली तुलनीय अववाद नभई, भव्य विशाल अद्‌भूतकारी त्रिपिटक अववादले सम्पन्न भई अतु-लनीय अववादशासनले सम्पन्न हुनुभएको।

तस्स अर्थात् त्रिभुवन नाथ त्यस सम्यक्‌सम्बुद्धलाई, मे अर्थात् मेरो, नमो अर्थात् सत्कार सन्मान पूर्वक विशेष नमस्कार, अत्थु अर्थात् होउन्।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

अमरपुर

महोपकारक

महागन्धाराम सयादो

आयुष्मान् जनकाभिवंसको

# धर्मदूत अववाद उपदेश

बु. सं. २५२७ ब. सं. १३४५ ई. सं. १९८३
भाद्र

(फ)

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| विषय | पेज |
|---|---|
| १. आफूलाई आफू प्यारो छ भने आफूलाई सुधार | १-४८ |
| २ धेरै जन्म बितेतापनि मै हूं | २ |
| ३. परिनिर्वाण न भएसम्म मै हूँ | ३ |
| ४. आफू नै आफूलाई सबभन्दा प्यारो | ४ |
| ५. कसले रक्षा गर्न सक्ने त ? | ५ |
| ६ नगरको पर्खाल चढी चिच्याउन थाले | ६ |
| ७ अस्सकराजा र उपरी रानी | ७ |
| ८. शक्तिशाली ऋषि | ८ |
| ९. कसप्रति बढी प्रेम छ ? | ९ |
| १०. नयाँ पाउँदा पुरानो बिर्सिन्छ | १० |
| ११. अस्सकराजाको पक्षबाट हेर | ११ |
| १२. आफूले आफूलाई घृणा गर्दैन | १२ |
| १३. कुशराज र प्रभावती | १३ |
| १४. पारमी सहयोगी पनि विश्वस्त छैन | १४ |
| १५. आफ्नो आफूमा दया | १५ |
| १६. छोरीलाई घृणा गर्न सक्छ | १६ |
| १७. आफूलाई प्यारो छ भने आफ्नो रक्षा गर | १७ |
| १८. स्वास्थ्यशिक्षा आर्थिक उद्योग | १८ |




Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| १९. | गृहिणीले पनि होश गर | १९ |
| २०. | दूकानदार आइमाईहरू | २० |
| २१. | गरे जति नयाँ : भए जति पुरानो | २१ |
| २२ | यस जन्ममा स्याहार गर | २२ |
| २३. | कुनै भय नलिई चित्त शुद्ध राख | २३ |
| २४. | निर्धक्क भइ मर्नु महत्वपूर्ण छ | २४ |
| २५. | राम्रो पाएमा पुरानो त्याग्न तयार हुनुपर्छ | २५ |
| २६. | पुरानो पौवा भत्काए भैं | २६ |
| २७. | जराले मरणतिर पुऱ्याउँछ | २७ |
| २८. | वृद्ध जीर्ण स्वभाव | २८ |
| २९. | मार्ने ठाउँमा पठाइएको गोरु | २९ |
| ३०. | जरालाइ रोक्न सक्तैन | ३० |
| ३१. | लुक्ने छिप्ने ठाउँ पनि छैन | ३१ |
| ३२. | निजी सम्पत्ति छैन | ३२ |
| ३३. | सबै छोडेर जानु छ | ३३ |
| ३४. | निजी सम्पत्ति बनाऊ | ३३ |
| ३५. | धर्मग्रन्थ पूजा | ३४ |
| ३६. | आफूसँग गाँसेर आयो | ३५ |
| ३७. | चतुर्दिशा दान | ३५ |
| ३८. | कुशलकर्मलाई लुट्न सक्तैन | ३६ |
| ३९. | साधु भनेमा लाभ हुन्छ | ३७ |
| ४०. | तृष्णा घट्दैन | ३७ |
| ४१. | कुहेको माछासम्म पनि छैन | ३९ |
| ४२. | एउटी उपासिका | ४० |
| ४३. | चार पाद उपदेश | ४१ |
| ४४. | हाँसी हाँसी मर्न सक्नु | ४१ |


Dhamma.Digital



Downloaded from http://dhamma.digital/

४५. दान शीलद्वार रक्षा ४२
४६. राम्रो सत्पुरुष होऊ ४३
४७. सत्पुरुष परिवार ४४
४८. आ–आफ्नो कर्म आफैमा ४५
४९. अन्तिम उमेरमा उद्योग ४६
५०. अर्को जन्ममा निर्भयी भई जान सक्न ४८

## ५१. ज्ञान बुद्धि विकास सम्बन्धी उपदेश

अर्को जन्म छ वा छैन ४९
५२. अनुमानले जान्न सकिन्छ ५०
५३. उद्योग गर्दै ५१
५४. विश्वको विकास ५२
५५. मानसिक सुख छ ? ५३
५६. पूर्वयुगका बर्मेलीहरू ५४
५७. व्यवहार चरित्र ५५
५८. अलप भइसक्यो ५६
५९. कुरा विचारणीय ५७
६०. पूर्वयुगमा वैवाहिक सम्बन्ध ५७
६१. विवाहअघि ५८
६२. सन्तोष ५९
६३. विकास र चरित्र ५९
६४ अति सुहाउनेछ ६०
६५. अनुमान गर्न सकिन्छ ६०
६६. देख्दैछु ६१
६७. रक्सीको लागि पैसा ६१
६८. रक्सीले नुहाए ६२



Downloaded from http://dhamma.digital/

६९. कस्तो छ नि ? ६३

७०. भयंकर भइसक्यो ३६

७१. श्रमणजीवन ६४

७२. म मुस्कुराइरहनेछु रहन सक्छु ६४

७३. शासन अधःपतन ६५

७४. विनयशान राखी गौरव मर ६६

७५. जादू टुना भए जस्तै ६६

७६. निर्भीक भई भन ६७

७७. विनय प्रतिफल ६८

७८. शीलप्रतिफल ६८

७९. एक जना साहू ६९

८०. शासनको अधःपतन ७०

८१. आकार प्रकार र रहन सहन ७०

८२. कुनै जातिका मानिसहरू, ७१

८३. नीति नियम छैन ७२

८४. बुद्धको नियम नीति ७२

८५. ग्रन्थद्वारा बुद्धि प्रदर्शन ७३

८६. श्रावस्ती राजगृहमा दिनहुँ पुग्छु ७४

८७. श्राबस्ती र रंगुन ७४

८८. तीन प्रकारका सिद्ध ७५

८९. जति छलकपट गरीन्छ, त्यति नै .... ७६

९०. ज्ञानबुद्धि चाहिन्छ ७६

९१. बुद्धप्रतिको विश्वासले सिद्ध हुन्छ ७७

९२. निश्चित गरीराख ७८

९३. अर्को तर्क ७८

९४. स्खलित नहुने बाटो अपनाउनु पर्छ ७९




Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# धर्मदूत अववाद उपदेश

## आफूलाई आफू प्यारो छ भने आफूलाई सुधार

**अत्तानं चे पियं जञ्ञा; रक्खेय्य नं सुरक्खितं ।**
**तिण्ण मञ्ञतरं यामं; पतिजग्गेय्य पण्डितो ।।***

अत्तानं = जन्मजन्मान्तर संसारदेखि म भनी आसवित राखिएको आफ्नो शरीरलाई (आफूलाई); पियं = गम्भीर रूपमा परीक्षण गर्दा दोषी नवनाई वर्षेनी आघात रहित अति प्रिय लागेको भनी; चे जञ्ञा = बारंबार सबै क्षेत्रमा माया ममता राखी यदि थाहा पाइन्छ भने; एवं सति = आफूलाई मात्र अति घनिष्ठ अति प्रिय भनी बिल्कुल विभेद गरी त्यस्तो बुझेको छ भने; नं अत्तानं = अहिले पनि आफूलाई भनी जानिएको त्यो आफूलाई; सुरक्खितं = धार्मिक क्रियाकलाप न बिराई राम्ररी निरन्तर सुरक्षित छ भन्न लायक हुने गरी; रक्खेय्य = स्मृतिधर्म हातमा राखी सदा सर्वदा रक्षा गर्नु-

---

* बोधिराजकुमार कथावस्तु अत्तवग्ग धम्मपद पालि– ३७.

Downloaded from http://dhamma.digital/

पर्दछ । पण्डितो = गरिने जति नयाँ हुने जति पुरानो नराम्रो भए पनि आफै राम्रो भए पनि आफै भनो राम्ररी ज्ञानदृष्टि हुने पण्डित ज्ञानीले; तिण्णं = पच्चीस वर्ष उचित भेद गरी त्रिविभाजित त्रिविध उमेरमा; अञ्ञतरं यामं = कमसे कम अन्तिम उमेर भनी व्यवहृत पछिल्लो उमेरलाई; पतिजग्गेय्य = दोष न मिसाई पूर्ण शुद्धता ल्याई सफा सुघर पारी धुनुपर्नेछ ।

साधु ... ! साधु .... !! साधु .... !!!

मैले अहिले दिने उपदेश "आफूलाई आफू प्यारो छ भने आफूलाई प्रेम गर" = "आफूलाई आधार गर" "आफूलाई सच्याऊ" भन्ने उपदेश हो । यस उपदेशको मूल गाथा (श्लोक) धम्मपद पालिमा भगवान् बुद्धद्वारा उपदेशित गाथा हो ।

## धेरै जन्म बितेतापनि मैं हूं

जन्मजन्मान्तर संसारदेखि म भनी आसक्ति राखिएको आफ्नो शरीरलाई (आफूलाई) धेरै धेरै जन्मदेखि हाम्रा अहिलेका उपासक उपासिका दाताहरूले प्रेम र मेल मिलाप राख्दै आएका छन् । अविद्या र तृष्णालाई पृष्ठभूमि बनाई एक सत्व प्राणी व्यक्तिको रूपमा धेरै धेरै जन्मदेखि माया गर्दै आएका छन् । त्यस जन्मजन्मान्तरमा पनि उपासक सन्तमानले उत्पन्न भएको प्रत्येक जन्ममा मैं हूं



Downloaded from http://dhamma.digital/

भनी आसक्ति राखेको छ। त्यसरी निरन्तर जन्मजन्मान्तरमा पुगेर आई यस जन्ममा पनि म नै हूं भन्ने भएको छ। वास्तवमा नाम र रूप सम्मिलित भई उपासक सन्तमान भनिएको हो। उपासक सन्तमानले पनि मै हूं भनी आसक्त भई बसेको छ।

## लाभ हुने गरी आसक्त होऊ

त्यस कारण लोक अनुरूप, व्यवहार अनुरूप मै हूं भनी आसक्त भएतापनि त्यस ममाथि आसक्त हुनुलाई राम्ररी सदुपयोग गरेमा फाइदा हुनेछ। आसक्तिलाई सदुपयोग न गरी हलुगो रूपमा "मेरो शरीर, मेरो शरीर" भनिरहेमा त्यो निरर्थक हुनेछ। तसर्थ त्यसप्रति मेरो मनमा दया लाग्छ।

## परिनिर्वाण न भएसम्म मै हूं

म अघिको जन्ममा पनि मै हूं। अघि अघिको जन्म मा पनि मै हूं। जन्मजन्मान्तरदेखि अर्को जन्म रूप विपरीत र परिवर्तन भए पनि कारणवश चित्त विपरीत र परिवर्तन भए पनि म त मै हू। उपासक सन्तमान पनि अर्के रूपमा विपरीत र परिवर्तन भए पनि त्यस जन्मको उपासक सन्तमान पनि मै हूं; यस जन्ममा पनि मै हूं। परिनिर्वाण न भएसम्म पछि पछि पुग्नुपर्ने जन्ममा पनि मै हुनेछु।

अत्तानं = जन्मजन्मान्तर संसारदेखि म भनी आसक्ति राखिएको आफ्नो शरीरलाई मूल्यवान् बनाउन सदुपयोग गर्न



Downloaded from http://dhamma.digital/

जान्नु आवश्यक छ। कसरी मूल्यवान् बनाउन सदुपयोग गर्न सकिन्छ. त्यसरी गर्नुपर्ला भनी विचार गर्नुपर्नेछ। अत्तानं= जन्मजन्मान्तर संसारदेखि म भनी आसवित राखिएको आफ्नो शरीरलाई (आफूलाई); पियं = गम्भीर रूपमा परीक्षण गर्दा दोषी वनाई वर्षेनी आघात रहित अतिप्रिय लागेको भनी आफूले आफैलाई प्यारो गरेको।

## आफू नै आफूलाई सबभन्दा प्यारो

तसर्थ उपासक सन्तमानले यो संसारमा आफू नै आफूलाई सबभन्दा प्यारो ठान्छ र प्रेम गर्छ। अघिको जन्ममा पनि आफूले आफूलाई प्रेम गरेर आयो। पछिको जन्ममा पनि आफूले आफूलाई नै प्रेम गर्नेछ। आफूले आफूलाई त केही हुन दिन चाहँदैन। आफू भन्नेले आफूलाई ममता गर्छ। आफ्नो लागि असाध्य ममता हुन्छ। सबै स्थितिलाई आधार वनाई हेर त तब कुनै कसैसित पनि दाँज्न सकिन्न। जोसुकैलाई आफू आफै सवभन्दा प्रिय लाग्छ। जो कोही आमाबाबुलाई प्रेम गर्छु भने पनि आमाबाबुलाई भन्दा पनि आफूलाई बढी प्रेम गर्छ। छोराछोरी र लोग्ने वा स्वास्नीलाई भन्दा पनि आफूले आफूलाई नै बढी प्रेम गर्छ। प्रत्येक व्यक्तिको प्रत्येक सत्वहरूमा यस्तै प्रकारको मन छ।

त्यस कुरामाथि कसैले केही खास खयाल न राखी मेरा छोराछोरीहरूलाई आफूलाई भन्दा पनि बढी प्रेम गर्छु, आफूलाई भन्दा पनि आफ्ना छोराछोरीहरूमाथि माया



Downloaded from http://dhamma.digital/

[illegible] न जाँदा कसले रक्षा गर्न सके त ? [illegible] छ लागि रक्षा गर्न सक्यो ? आफ्ना ज्ञाति बन्धुहरू[illegible] पछि लागी रक्षा गर्न सके ? सकेनन् । अकुशल कर्मको कारणले स्वाभाविक रूपमा प्रेतनी भएर जन्मिएपछि बाँचिरहेका लोग्नेहरूले अर्को ब्याहा गरी उनीहरूले संकलन गरी छोडेर गएका सम्पत्तिहरू खाई पिई जथाभावी खर्च गरी हिंडेको देखेर प्रेतनीहरूले सहन सकेनन् । त्यसकारण तिनीहरू चिच्याउन थाले ।

## नगरको पर्खाल चढी चिच्याउन थाले

**मयं भोगे संहरिम्ह; समेन विसमेन च ।**
**ते अञ्ञे परिभुञ्जन्ति; मयं दुक्खस्स भागिनी ॥***

मयं = प्रेतनी भई जन्मनुपरेका हामीहरूले; भोगे = मनुष्यजीवनका ऐश्वर्य सम्पत्तिहरूलाई; समेन च = धर्मानुकूल र; विसमेन च = अधर्मानुकूल, संहरिम्ह = संकलन गरेर गयौं, ते = हामीले संकलन गरी छोडेर गएका हाम्रा ऐश्वर्य सम्पत्तिहरूलाई; अञ्ञे = हामीभन्दा पछि देखिन आएका पछिल्ला लोग्नेस्वास्नीहरूले; परिभुञ्जन्ति = परिभोग गरिरहेका छन् । मयं पन = हामी भने; दुक्खस्स = प्रेतनी रूपी दु:खको, भागिनी = भाग भोगिरहेका; अह्म = छौं । यस्तो भनी

---

* भोग सहरपेत वत्थु महावग्ग खुद्दकनिकाय पेतवत्थु पालि– २१६ ।



Downloaded from http://dhamma.digital/

लाग्छ, आफूले आफूलाई भन्दा बढी आफ[illegible] परिवार बीच परस्परमा ममता हुन्छ, आ[illegible] उनीहरूको सुख पुऱ्याउन चाहन्छु भनी भन्[illegible]ने खयाल नराखी भनिएको कुरा हो, यो त खालि देखावटीमात्र हो । आडम्वरमात्र हो । सही, रूपमा सा[illegible] रूपमा अनि निश्चित रूपमा यसमा वास्तविकता छैन । मतलब छैन । अर्थ छैन । हामी यहाँ साधकको एउटा उदाहरण प्रस्तुत गर्छौं ।

## चारजना दूकानदार आइमाई

पूर्वकालमा राजगृह नगरमा चारजना दूकानदार आइमाई पसल थापी जीविका गर्थे । पसल थापी जीवन यापन गर्दै आफ्ना छोराछोरी लोग्नेहरूलाई सुखसुविधा दिन सेवा गर्थे । उनीहरूलाई माया गर्थे । पछि उमेर छँदाछँदै चारैजना आइमाईहरू परलोक भए । परलोक हुँदा उनीहरूको आसक्ति उनीहरूको पसल थाप्दा गरेका अन्याय अकर्तव्यको न राम्रो परिणाम स्वरूप त्यही राजगृह नजिक प्रेतनी भएर जन्मे ।

## कसले रक्षा गर्न सक्ने त ?

अघि त उनीहरू प्रत्येक मनुष्यजीवनमा छँदा "मैले आफू-लाई पनि प्रेम गर्छु; मेरो लोग्नेलाई पनि प्रेम गर्छु" भन्दै आफ्नो लोग्ने सुखी भए पुग्यो भन्ने धारणा लिई न्याय अन्याय धर्म अधर्मको वास्ता न राखी धनोपार्जन गर्थे । पछि गएर प्रेतनी



Downloaded from http://dhamma.digital/

"हामी त हैं, धनोपार्जन गरी प्रेतनी भएका छौं। हामी प्रेतनी हुँदा हामीलाई प्रेम गर्छौं भन्ने लोग्नेहरूले अन्य स्वास्नी ल्याई उनीहरूका पछिल्ला स्वास्नीहरूलाई राम्रो लगाई खुवाई हाम्रा ऐश्वर्यहरू परिभोग गर्दैछन्" यसरी विस्मात गर्दै चिच्याउन थाले।

## आइमाईले सम्झीराख्न योग्य

त्यसो हुनाले निष्कर्ष निकाल्दैछौं। आइमाईहरूले कर्तव्य अनुसार सेवा गर्नेछौं। धनोपार्जन गरी पालन पोषण गर्नेछौं। धनोपार्जन गरी पालन पोषण गर्दा गर्दै अन्याय र अधर्मले भने हामी त अघिका प्रेतनीहरूले झैं मार्ग अपनाउनुपर्नेछ। हाम्रा लोग्नेहरू पनि राम्रा खालका होइनन्। हामी विमुख भएर गएपछि तिनीहरूले तिनीहरूको आफू-खुशी उपभोग गरिरहने छन्। अतः "मैले धनोपार्जन गर्दा भूल गर्नेछैन" भन्ने यो सम्झना सम्झिराख्नु निकै राम्रो छ।

## अस्सक राजा र उपरी रानी

आइमाई पक्षमा मात्र निष्कर्ष निकाल्नु राम्रो हुने छैन। लोग्नेमानिस पक्षमा पनि निष्कर्ष निकालिराख्नुपर्ला। हाम्रा बोधिसत्व ऋषि भइरहेको बेला एकादेशमा अस्सक राजा र उपरी रानीहरूले शासन चलाई राज्य गरिरहेका थिए। उपरी रानी साँच्चिकै सुन्दरी, आफूलाई सँधै सिँगारिरहने, सँभालीरहने; राजाले पनि उनीलाई अत्यन्त ममता



Downloaded from http://dhamma.digital/

राख्ने । यसरी दिन गुजार्दा गुजार्दै सौन्दर्ययुक्त अवस्थामा नै रानीको स्वर्गारोहण भयो । स्वर्ग हुँदा स्वाभाविक नीति अनुसार अति ममताले भरिएको उक्त राजाले आफ्नी रानी-लाई छाड्न नसकी लाशलाई औषधीमा भिजाई धेरै समय-सम्म राजप्रासादमा नै राखे । वारवार लाश हेर्दै रुन्थे । राजकीय क्रियाकलापलाई वास्ता गरेनन् । त्यसबेला हाम्रा बोधिसत्त्व ऋषिले हिमालयमा बसी संसारलाई अवलोकन गर्दा यो घटनालाई देखे ।

## शक्तिशाली ऋषि

ऋषि राजाको उद्यानमा आई विहार गरिरहँदा उद्यान-पालले देखेर "आर्य, आर्यहरू जस्ता सत्पुरुष ध्यान अभिज्ञा-लाभी व्यक्तिहरू भएर पनि हाम्रा राजा यसरी शोक सन्तापमा परिरहेकोलाई रक्षा गर्नुहुन्न र भनी विन्ती गरे । "तिम्रा राजासँग मेरो परिचय छैन; यदि तिम्रा राजा यकहाँ आउँछ भने म हेरुंला । अहिले त मैले कसरी भन्ने नि भनी आज्ञा गरे । "त्यसो भए आर्य यहीं वस्नुस् । कतै पनि नपाल्नुस्" भन्दै राजाकहाँ गई विन्ति चढाए । "महाराज उद्यानमा ऋद्धिमान एक ऋषि पाल्नुभएको छ । त्यस ऋषिले रानी कुन ठाउँमा जन्मनुभएको छ भन्ने समेत वताउन सक्नु-हुन्छ रे ।" भन्ने राजालाई गुणगान गर्दै एकाई वोलाएर ल्याए । रानी जन्मेको ठाउँको जीवन समेत त्यसलाई थाहा छ भनिन्छ । यसो हुनाले "महाराज, ऋषिलाई दर्शन भेट



Downloa[redacted]

गर्न सवारीहोस्" भनी विन्ति चढाउँदा राजपरिवारपरिषद् सहित ऋषिकहाँ सवारीभयो ।

## उपरि रानी गोब्रेकीरोको रूपमा

राजा त्यहाँ सवारी भई उद्यानमा पुग्ने बित्तिकै सोधे, 'भन्ते,तपाईंले महारानी कहाँ जन्मेकिछिन् थाहापाउनुभएकोछ ?' "थाहा छ ।"कहाँ जन्मेकिछिन् भन्ते ?" "यहीँ उद्यानमा ।" "खोइ त" " गोब्रेकीरो भएर जन्मेकिछिन् ।" यो सुन्दा राजालाई असह्य भयो । उनलाई पत्यार लागेन । रानी भएर स्वर्ग भएरछि स्वर्गलोकमा पुग्नुपर्ने हो । गोब्रेकीरो भएर जन्मेको छ भन्दा उनलाई सन्तोष लागेन ।

## कसप्रति बढी प्रेम छ ?

"भन्ते, कीरो भएको प्रत्यक्ष देखाउन सक्नुहुन्छ ?" "सक्छु राजन् ।" "त्यसो भए देखाउनुस् भन्ते ।" बोधिसत्व ऋषिले ऋद्धिद्वारा बोलाउँदा दुबै दम्पतीका रूपमा रहेका कीराहरू निस्केर आए । तब "तिमी पहिले को थियौ?" स्वास्नी चाहिँ कीरोलाई सोधे । "म उपरि रानी हुँ ।" उनले जवाफ दिइन् । त्यसो भए तिमीले यस उद्यानमा बसी अगाडिको जन्ममा राजासँगको सुख ऐश्वर्य उपभोग गरेका रमाइला कुराहरू सम्झन्छ्यौ त ?" "सम्झन्छु ।" त्यसो भए त्यस राजा र अहिले तिमीले पाएको लोग्ने गोब्रेकीरोमध्यय् कसलाई बढी प्रेम गर्छ्यौं त ?" स्वास्नी गोब्रेकीरोले



Downloaded from http://dhamma.digital/

भनिन् । उसको कुरो निकै स्वाभाविक छ ।

## नयाँ पाउँदा पुरानो बिर्सिन्छ

"भन्ते, नयाँ सुखदु:खले पुरानो सुखदु:खलाई पूर्णत: छोपिराखेको छ ।" राजासँग मैले यस उद्यानमा रमाइलो गरी हिँड्दाको सुख पुरानो भएकोले मैले लोग्ने गोब्रेकीरोसँग रमाइलो गरी बसिरहेको सुख नयाँ भएकोले यो सुखले त्यो सुखलाई छोपिदिएको छ । अहिले म त्यो सुखलाई मन पराउँदिन । वर्तमानमा रहेको लोग्ने गोब्रेकीरोप्रति नै बढी ममता राख्छु भन्ते !" यति भनी तिनले भनिन् —

**नवेन सुखदुक्खेन; पोराणं अपिधीयति ।**
**तस्मा अस्सकरञ्ञा व; कीटो पियतरो मम ।।***

मलाई अहिले लोग्ने गोब्रेकीरोप्रति नै माया ममता छ । अघिल्लो जन्मको अस्सक राजाप्रति मेरो ममता छैन । अब मलाई पुरानोले सुखदु:ख दिन सक्तैन ।"

## स्वास्नी गोब्रेकीरोको कथन स्वाभाविक छ

उनीले भनेको यो कथन मलाई मन पर्छ । हिजो खान पाएको भुंगुर र कुखुराको मासु जति उसबेलाको खाना मीठो भए पनि अहिले प्रत्यक्ष ताजै ताजा गुन्द्रुकको झोल र मुलाको अचार जति कहाँ मीठो लाग्छ र ! हिजो खाएको हिजै गयो । त्यस कारण स्वास्नी गोब्रेकीरोको

* अस्सक जातक नभदलवग्ग दुकनिपात – ५५



Downl[redacted]

कथन स्वाभाविक छ।" मेरो सुख दु:खलाई नयाँ सुखदु:खले ढाकिएकोले म अस्सक राजालाई भन्दा लोग्ने गोब्रेकोरोलाई अहिले बढी माया गर्छु, प्रेम गर्छु।" यसरी निवेदन गर्दा अस्सकराजाको मनमा आसक्त भइराखेको चित्त एकैचौटि हटेर गई मन्त्री भारदारहरूतिर फर्की भने, "राजप्रासादमा औषधीमा भिजाइराखेको लाश तुरन्त बाहिर निकाली दाहसं–स्कार गरिदेऊ" भनी हुकुम दिए। एकै चोटि शोक सन्ताप दु:ख दर्द शान्त भई विरह र रानीको सम्झना भइरहेको चित्त लोप भएर गयो।

त्यो आसक्त चित्त लोप भई राजाले राजकर्तव्य अनुसार राम्ररी राजकाज गरी राज्य गरे।

## अस्सकराजाको पक्षबाट हेर

तसर्थ विचार गरेर हेर त ! केही क्षणको लागि संगम हुन्छ; केही क्षणको संगमले माया प्रीति हुन्छ भनिन्छ। वास्त–वमा अस्सकराजाको पक्षबाट हेर्यौं भने "अहँ ... ... अघि पनि मलाई आफू नै सबभन्दा प्यारो लाग्यो, अहिले पनि स्वास्नी गोब्रेकोरोको कथनलाई आधार लिएमा उनलाई मैले जति पनि ममता राखी उनको लाशलाई औषधीमा भिजाइ--राखेतापनि यथार्थमा त उनले मलाई प्रेम नगर्ने रहेछ। मलाई आफू नै सबभन्दा प्रिय रहेछ। त्यस कारण—

"अत्तानं = जन्म जन्मान्तरको संसारदेखि म भनी आसक्ति राखिएको आफ्नो शरीरलाई (आफूलाई); पियं =



Downloaded from http://dhamma.digital/

गम्भीर रूपमा परीक्षण गर्दा दोषी नबनाई वर्षेनी आघात रहित अतिप्रिय लागेको छ।" आफूलाई आफू नै सबभन्दा प्यारो रहेछ।

## सबभन्दा प्रियलाई घृणा गर्न सकिन्छ

तदर्थ छोराछोरीप्रति प्रेम हुन्छ। छोराछोरीको निमित्त मैले न्याय अन्याय धर्म अधर्मको वास्ता नराखी धनोपार्जन गर्छु भनी त्यसो नगर। त्यसरी माया प्रेम गरिएकी छोरीले कहिलेकाहीँ बाबुको कुरा न माने, न सुनेमा मानिसहरू ले "जतिसुकै माया लाग्ने छोरी भए पनि तिनीलाई अंश न देऊ, भैंगो छोडिदेऊ। जाँथीलाई" भनी निर्दयता पूर्वक क्रूरता पूर्वक घृणा गर्न सकिने हुन्छ। त्यसो हुनाले म विचार गर्छु। हो, जो सुकै होस्, मैले धेरै धेरै हेर विचार गर्छु भने पनि खितित्रक पर्ने वित्तिकै, 'आ ···· यसो उसो' व्यक्तिमाथि दोषको खोजी गर्न सकिन्छ।

## आफूले आफूलाई घृणा गर्दैन

मैले मलाई "आफूले आफूलाई कहिल्यै घृणा गरेको छ कि" भनी कहिलेकाहीँ प्रत्यावर्तन गरी परीक्षण गरी हेरें। उदाहरणको रूपमा – दश वर्ष अघिदेखिको घटनालाई नियालेर हेर्दा पनि आफूले आफूलाई एकदम स्याहार संभार गरेको; बीस वर्ष अघिको घटनालाई नियालेर हेर्दा पनि आफूले आफूलाई असाध्य स्याहार संभार गरेको, अहिले बूढो भएर



Dow[redacted]

आएको बेलामा पनि "खोइ, मेरो स्वास्थ्यको हेर विचार गरिरहनुपर्छ, म न आऊँ है भनी आवश्यक ठाउँमा पनि नजाने हुन्छ।

## चेतना श्रद्धा बिग्रिएला भन्ने डर

"विहारमा भिक्षुहरूलाई धर्मग्रन्थहरू दान गर्न व्यवस्था गरिराखेको छु" भन्दा श्रद्धा र चेतनाले भरिएको भए पनि मेरो स्वास्थ्य महत्वपूर्ण छ. विहारमा मेरो थुप्रै काम छ भनिन्छ। हेर, अहिलेसम्म आफूले आफूलाई कति स्याहार संभार गर्दैछ।" अन्य उपासक उपासिकाहरूले मलाई ख्याल राख्दैनन्, राख्न त राख्छन्, राखे पनि आफूले आफूलाई जति ख्याल राख्न सकिन्न । त्यसकारण मैले यो उपदेश उपासक सन्तमानलाई दिँदैछु यो मैले मलाई चित्त बुझाइसकेको उपदेश हो। अतएव "तपाईंले हामी जस्तो घरबार, परिवार, छोराछोरी र लोग्नेस्वास्नी बीच रहन न परेर आफूले आफूलाई सबभन्दा प्यारो लाग्छ भनी निष्कर्षमा पुग्न सकिन्छ। हामी जस्ताले त खोइ त्यस किसिमको निष्कर्षमा पुग्न सकिन्छ कि सकिन्न" भन्दा मैले विभिन्न प्रकारका निष्कर्षतिर दृष्टि दौडाएँ। यो संसारमा पारमीसंस्कार पूर्ण गर्न सहयोगी हुनेलाई महत्व दिँदोरहेछ।

## कुशराज र प्रभावती

त्यसरी पारमी पूर्ण गर्न सहयोगी भएकोले महत्व दिइनेहरूमा बोधिसत्व (सिद्धार्थ) र यशोधराहरूभन्दा बढी



Downloaded from http://dhamma.digital/

पारमीसंस्कार पूर्ण गर्न सहयोगी हुने अन्य कोही पनि छैनन्।
उनीहरूले चार असंख्य र एक लाख कल्पदेखि शुरू गरी
पारमी पूर्ण गर्दै आए। बारबार एक साथ जन्मेर आए।
त्यतिका घनिष्ठ प्रियपात्र भएर आएका दुई व्यक्तिहरूलाई
मैले एक ठाउँमा आएर भेट्टाएँ। कुशजातकमा बोधिसत्त्व
कुशराज, यशोधरा प्रभावती रानी थिए। वास्तवमा तिनीहरू
परस्परमा पारमी पूर्ण गर्न सहयोगी थिए। बोधिसत्त्व जति
कुरूप भए पनि पारमी सहयोगी हुनाले सन्तोष पूर्वक प्रसन्न र
प्रफुल्लित भई मैत्री हुनुपर्ने थियो। अहिले त्यसो भएन।
पारमी पूर्ण गर्न सहयोगी मानिएकी प्रभावतीले कुरूप भनेर
हाम्रा बोधिसत्वलाई प्रसन्नता र ममता राख्न सकिन्न भनी
छोडेर गइन्। मैले ठानें "(सबै) व्यर्थ छ, पारमी सहयोगी
भए पनि केही रहेनछ।" यदि बोधिसत्त्व कुशराज त्यसबेला
सुरूप (राम्रो रूप लावण्य भएको) भए पारमी पूर्ण गर्न
सहयोगीको रूपमा ठिकठाक रहने थिई। अहिले त कुरूप
भएकोले प्रभावतीले चाहना गरिन किन्तु घृणा गरिन्।

## पारमी सहयोगी पनि विश्वस्त छैन

यसरी पारमी सहयोगी पनि विश्वसनीय छैन। चार
असंख्य र एक लाख कल्पसम्म पारमी सहयोगी भएका दुई
व्यक्तिहरू समेत कारणवश विश्वसनीय छैनन् भने, कर्तव्य
अनुरूपमात्र व्यवहार गर, कर्तव्य अनुसारमात्र संरक्षण
गर। "फलानोले मेरोप्रति एकदम आफूलाई भन्दा पनि



Down[redacted]

प्रेम गर्छ" भन्ने कुरा खास अवस्थामा हुँदैन। मैले त यसलाई निष्कर्षमा राखिछोडेको छु "फलानो चाहिँ विहारदाता हुन्, फलानो चाहिँ विहारदायिका हुन् र मलाई असाध्यै हेरचाह गर्छन्" भने पनि केही अंशमा हुन सक्ला, उनीहरूले आफूलाई हेरचाह गरे जति न भए पनि केही न केही त हेरचाह गर्लान्, तर उनीहरूले आफूलाई सबभन्दा बढी हेरचाह गर्छन्, मान्यता दिन्छन्।

## आफ्नो आफूमा दया

तसर्थ "आफूले आफूलाई कहिल्यै अत्यधिक हानी नोक्सनी न पुऱ्याउन्। आफूले आफूलाई कहिल्यै धर्मबाट विमुख न पार्नू" भनी मैले हरबखत होश राख्छु। अत्तानं=जन्म जन्मान्तर संसारदेखि म भनी आसक्ति राखिएको आफ्नो शरीरलाई (आफूलाई), पियं=गम्भीर रूपमा परीक्षण गर्दा दोषी न बनाई वर्षेनी आघात रहित अतिप्रिय लागेको भनी कहिल्यै आफूले आफूलाई दोषारोपण गर्दैन। त्यसो भए कहिलेकाहीं तपाईंमा भूल हुँदैन त? "...... ममा भूल भए पनि मेरै भूल भयो कसलाई के को खाँचो" भनी आफू आफैमा सन्तोष मान्छ, दया राख्छ। आफूले आफूलाई त सम्झन्छ "त्यस्तो ठाउँमा आफूले संघका सदस्यहरूलाई एकदम रिसाएर झाँट्नु र बोल्नुहुँदैन, "भन्ते, त्यो त भूल भयो नि" भन्छन् भने आ ... ममा कहाँ भूल हुन्छ र? तिनीहरू आफै अयोग्य भएर झाँट्नुपरेको नि, झाँट्नेन भने त तिनीहरू



Downloaded from http://dhamma.digital/

उफ्रेर आउँछन् नि" भन्दै आफूमा अरूहरूको दृष्टिमा नराम्रो लाग्ने गरी रीस राग आए पनि आफूले आफूलाई त सँम्हाल्न खोज्छन् नै ।

## आफ्नो छोरालाई घृणा गर्न सक्छ

पियं= गम्भीर रूपमा परीक्षण गर्दा दोषी न बनाई वर्षेनी आघात रहित अतिप्रिय लागेको भनी, चे जञ्ञा= बारबार सबै क्षेत्रमा माया ममता राखी यदि थाहा पाइन्छ भने; आधार बनाई सबै ठाउँमा नियालेर हेर; छोरालाई प्रेम गर्छ आफ्नो कुरा सुनेको; आफूले भनेको मानेकोले; छोरोले आफूलाई गुणी बनाइरहेकोले "" आः " मेरो छोरो नि मेरो छोरो; छोरोमा प्रतिष्ठा भए पनि मेरो त छोरा नै हो ' भन्छ । त्यस छोरोले नराम्रो काम कुरा गरेर आफ्नो नाम बिग्र्यो, ख्यातिमा धक्का पर्‍यो भने "हा ... यस्तो छोरो उस्तो छोरो खान्दान नै त्यस्तो नि; मैले त त्यसलाई अघि आफ्नो छोरो भएर अलि अलि हेरचाह गर्न लागेको; आश थिएन, केही थिएन; त्यसको आमाको खान्दान नै राम्रो छैन; यसो उसो भन्दै त्यस छोरोप्रति घृणा गरिहाल्छ बुझ्नुभो !"

## छोरीलाई घृणा गर्न सक्छ

फेरि छोरीलाई नि !"अहो ...असाध्य ज्ञानी छोरी; मेरी छोरी नि मेरी छोरी; असाध्य ज्ञानी एकदम ज्ञानी । अः .... घरको सबै कामकाज जम्मै जिम्मा लिएकी, जिम्मा



[redacted] Downl[redacted]

दिएको" आदि भनी आफ्नो नाम आफ्नो दाम हुने गरी काम काज गरिरहने बेलासम्म धूमधामसंग माया र प्रेम गर्छ। साँच्चै माया पनि छ। त्यसै त्यसै बनाएर भनेको होइन। आफ्नो गुण वृद्धि हुने गरी केही गरिरहुञ्जेलसम्म त्यस छोरीलाई असाध्य माया र प्रेम गर्छ।

केही समयपछि छोरीचाहिँ उसको मन न पर्नेसँग लागेर गइन् भनौं। "केही दिनु बन्द, यी नवकचरीलाई; यसलाई केही दिन्न म; एक पैसा पनि दिन्न। मेरो सम्पत्ति म आफै प्रयोग गर्छु, दान गर्छु बुझ्यौ", हेर कस्तो घृणा आफ्नो छोरी प्रति। आफ्नो अहंमा धक्का पर्ने बित्तिकै के को के भएर गयो। आफूले आफूलाई त कहिल्यै दोष दिँदैन।

यसरी सबभन्दा प्यारी छोरीलाई दोष दिन सकिन्छ। सबभन्दा प्यारो छोरीलाई आफ्नो नाम बदनाम पारिदिएको र आफूलाई दिक्क पारेको भनी घृणा गर्न सकिन्छ। त्यसकारण प्रत्येक विषयलाई नियालेर हेर। मानिस आफूले आफूलाई नै सबभन्दा प्यारो मान्छ।

## आफूलाई प्यारो छ भने आफ्नो रक्षा गर

अत्तानं = जन्मजन्मान्तरको संसार देखि म भनी आशक्ति राखिएको आफ्नो शरीरलाई (आफूलाई); पियं = गम्भीर रूपमा परीक्षण गर्दा दोषी नवनाई वर्षेनी आघात रहित अतिप्रिय लागेको भनी; चे जञ्ञा = बारबार सबै क्षेत्रमा माया–ममता राखी यदि थाहा पाइन्छ भने; एवं सति = आफूलाई मात्र अति घनिष्ठ अतिप्रिय भनी



Downloaded from http://dhamma.digital/

बिल्कुल विभेद गरी बुझिएको छ भने; नं अत्तानं = अहिले पनि आफूलाई पछि पनि आफूलाई भनी यसरी जानिएको त्यो आफूलाई; सुरक्खितं = धार्मिक क्रियाकलाप नबिराई राम्ररी निरन्तर सुरक्षित छ भन्न लायक हुने गरी; रक्खेय्य=स्मृति धर्म हातमा राखी सदा सर्वदा रक्षा गर्नुपर्दछ।

आफूले आफूलाई माया लगाई निरर्थक रूपमा मायामात्रै गरेर केही हुँदैन। आफ्नो आफूमा माया लाग्छ भने ..... नं अत्तानं = अहिले पनि आफूलाई पछि पनि आफूलाई भनी यसरी जानिएको त्यो आफूलाई; सुरक्खितं = धार्मिक क्रियाकलाप नबिराई राम्ररी निरन्तर सुरक्षित छ भन्न लायक हुने गरी रक्षा गर।

## स्वास्थ्य शिक्षा आर्थिक उद्योग

आफूलाई सबभन्दा प्यारो लाग्छ भने आफ्नो सुरक्षा गर। आफूलाई विनाश नपार। सानो उमेरको विद्यार्थी अवस्थामा यस्ता धर्म बुझेको छ भने उद्योग गरी शिक्षा हासिल गर। नत्र पछि गएर नीच श्रेणीमा पुग्नेछौ। अतः आफू आफैंमा प्यारो लाग्छ भने यत्नपूर्वक विद्या सिक। उमेर चढेर धनोपार्जन गर्ने समय आइपुगेको छ भने आफ्नैलागि सबभन्दा प्रिय आर्थिक सम्पत्तिको उद्योगपूर्वक खोजी गर। आर्थिक सम्पन्नता भएन भने समाजमा प्रतिष्ठा हुँदैन, नत्र पछि गएर गृहबन्धनमा फँसी घरबार चलाई बस्दा पनि समाजमा निम्नस्तरीयमा गनिनेछ। तिम्री प्रेयषी गृहलक्ष्मी पनि निम्नस्तरीयकी हुने-



[redacted] Downlo[redacted]

छिन् । तिमीहरूका सखसन्तान छोराछोरीहरू पनि न गण्य–रूपमा हुनेछन् । त्यसो भएको ले तिमीले जथाभावी नहोऊ । तिमीले आफ्नो स्वास्थ्यको हेरचाह गर; तिमीले आफ्नो आर्थिक स्थितिलाई हेरचाह गर; सत्संगतको लागि खोजी खोजी कल्याणमित्र भेट्टाऊ ।

## अधार्मिकरूपले आर्थिक व्यवस्था न खोज

हेर, आफूले आफूलाई सबभन्दा प्यारो मान्छौ भने आर्थिक पक्षबाट अति राम्रो पार । सुरक्खितं = धार्मिक क्रियाकलाप न बिराई राम्ररी सुरक्षित छ भन्न लायक हुने गरी हेर है .... धनोपार्जन गर्दा अन्यायी अधर्मद्वारा न खोज । किनभने सबै घरका परिवारले खाइरहेको खानालाई तिमीले अधार्मिक पूर्वक खोजी खोजी खवाउँदा पछिल्लो जन्म–मा दुष्परिणाम भोग्नुपर्नेबेलामा तिनीहरू मध्येमा आफ्नो साथी कोही पनि हुनेछैनन् । भोग तिमीले नै गर्नुपर्नेछ । हेर, मैले दिएको उपदेशमा दूकानदार आइमाईहरूले भोग्नुपरेको स्थिति । मैले दिएको उपदेशमा उपरि रानीले भनेका तीता कुराहरू सुन त । मैले दिएको उपदेशमा पारमी सहयोगी कहलाएका बोधि–सत्त्व र भावी यशोधराहरूको कुशराज प्रभावती रानीको जीवन घटना प्रत्यावर्तन गरी चिन्तन मनन गर त । अत: तिमीले अन्याय र अधर्मले आर्थिक खोजी न गर ।

## गृहिणीले पनि होश गर

गृहिणी हुनेले पनि " हेर है हेर, आफूले आफूमा होश



Downloaded from http://dhamma.digital/

राख; अन्याय र अधर्मले आर्थिक खोजी न गर । तिमीले आफ्नो स्वास्थ्यको ख्याल राख; एकदम स्वां स्वां हुनेगरी दौड धूप गरेर दुःख कष्ट भोगी आर्थिक खोजीमा लागी कक्कक पर्छौ भने समाजमा अस्वस्थ देखिँदैनौ भने तिम्रो मान्छेले तिमीलाई हेला गर्नेछ । अतः तिमीले आफूलाई पनि होश राख; स्वास्थ्यमाथि स्मृति जगाऊ । यस जन्मको निमित्त आर्थिक न पुग न हुने गरी होश राख यस जन्मको लागि भनी खोजी नीति गर्दा अकुश–लतालाई समावेश गरी खोजी नीति न गर ।

## दूकानदार आइमाईहरूको कथावस्तु

मैले दिएको उपदेशमा हेर त; दूकानदार आइमाईहरूले अधर्म र अन्यायले आर्थिक खोजी गरेका हुँदा प्रेतनी हुन पुगे । ती आइमाईहरू प्रेतनी हुन पुग्दा तिनका लोग्नेहरूले उनीहरू–को पछि लागी तिनीहरूलाई सहयोग दिए त, केही पनि गरेनन्; झन उल्टो तिनीहरूले अर्की स्वास्नी ल्याई सुख पूर्वक बस्न थाले । अतः यी धर्महरूलाई बारबार चिन्तन मनन गर्दै अन्याय र अधर्मले अर्थको खोजी न गर ।

आफूलाई स्वस्थ, सुख र आनन्द हुने गरी जीवन बिताउँदै धर्म र न्यायले आर्थिक सम्पत्ति खोज । अधर्म र अन्यायले अर्थको खोजी गर्दा आफूलाई नै नोक्सान हुनेछ । यसरी मनमा टाँसिएर "म राम्ररी रहनेछु, म आफूलाई सत्पुरुष बनाइ रहनेछु, म स्वस्थ भई बस्नेछु; म आफ्ना घरबार परिवारहरूको कर्तव्य रक्षा गरिदिनेछु र कर्तव्यव्रत पूर्ण हुने गरी राम्ररी रक्षा गरिदिनेछु । ख्यातिप्राप्त सुशीला



Downl

नारीको रूपमा उद्योग गर्नेछु। ख्यातिप्राप्त एक गृहिणीको रूपमा उद्योग गर्नेछु। यस दिशातिर प्रयास गर्नेछु। अधर्म र अन्यायले धनोपार्जन गरी अधर्म पूर्वक भएपनि काम काज गरी पालन पोषण गर्नेछु" भन्ने जस्तो चित्त अलिकति पनि न राख।

## गरे जति नयाँ, भए जति पुरानो

एवं सति=आफूलाई मात्र अति घनिष्ठ, अतिप्रिय भनी विल्कुल विभेद गरी बुझिएको छ भने; नं अत्तानं = अहिले पनि आफूलाई पछि पनि आफूलाई भनी यसरी जानिएको त्यो आफूलाई; सुरक्खितं = धार्मिक क्रियाकलाप न बिराई राम्ररी निरन्तर सुरक्षित छ भन्न लायक हुने गरी; रक्खेय्य = स्मृति धर्म हातमा राखी सदा सर्वदा रक्षा गर्नुपर्दछ। पण्डितो =गरे जति नयाँ भए जति पुरानो,न राम्रो भए पनि आफै राम्रो भए पनि आफै भनी सही दृष्टि ज्ञान भएको ज्ञानी पण्डितले।

लौ त चिन्तन मनन र विचार गरी हेर त; अहिले भइ-रहेका जम्मै क्रियाकलापहरू पुराने मात्र हुन्। यस जन्ममा विशुद्ध कुलमा उत्पन्न भएको छ भने अघि मान अभिमान न गरी राम्रो भएर आएको ले अहिले विशुद्ध कुलमा जन्मेको; अधिको पुरानो अहिले आएर उत्पन्न भएको हो। यस जन्ममा रूप लावण्य सुन्दर भएर उत्पन्न भएको छ भने अघि दोषी र क्रोधी न भई मैत्री राखी शान्त दान्त पूर्वक रहेर आएको ले रूप लावण्य युक्त भई उत्पन्न भएको हो। यस जन्ममा कुरूप भएर उत्पन्न भएको छ भने अघि दोषी र क्रोधी भएको ले हो।



Downloaded from http://dhamma.digital/

दोषी र क्रोधी हुनु भनेको सुन्दर राम्रो व्यक्ति समेत मुख जम्मै बिग्रेको हुने हो । अतएव यो दोषले फल दिँदा जन्म जन्ममा नराम्रो कुरूप हुने फल नै दिनेछ ।

## यस जन्ममा स्याहार गर

त्यसो भएको ले म यस जन्ममा दोषी र क्रोधी हुनेछैन । जतिसुकै उत्तम मुलुकमा जन्मी, जति सुकै विषय ऐश्वर्य सम्पन्न भएतापनि अब मान अभिमान बढाउनेछैन । मानी अभिमानी भएको ले नीच कुलमा पतन भएँ । मानी अभिमानी न हुने व्यक्तिहरू उच्चकुलमा रहे । दोषी चाहि क्रोधी भएर कुरूप भए । दोषी र क्रोधी न भएका व्यक्तिहरू रूपलावण्य युक्त सुन्दर भए । ईर्ष्याधर्म वृद्धि हुने भएको ले आफूभन्दा बढेचढेक प्रति ईर्ष्या राख्ने व्यक्तिहरूमा यशस्वी परिवार स्वचल्प हुन्छन् । आफूभन्दा बढेचढेकाप्रति ईर्ष्यालु न भई मैत्रीभाव राखी अरूलाई राम्रो छ भनी हर्षले प्रसन्न हुन जान्ने व्यक्तिहरू यस जन्ममा यश युक्त परिवारले सम्पन्न हुन्छन् ।

आफूले जानेबुझेका कुराहरू अरूलाई जनाउने बुझाउने मनसाय राखी जान्नेबुझ्ने गराएर उपदेश दिने गरेमा आफ्नो घरमा भएका एक साथ बसेका व्यक्तिहरूलाई उनीहरूले बुझ्ने गरी आफूले जानेबुझेजति कुरा सम्झाउने गरेमा त्यस्ताव्यक्तिहरू जन्मजन्ममा प्रज्ञावान् हुन्छन् । आफ्नो प्रज्ञाज्ञान अरूले जान्ला



Downlo

बुझ्ला भनी डर मानी गोप्य राख्ने व्यक्तिहरू जन्मजन्ममा होन, नीच र बुद्धु भएर जन्मन्छन् ।

## कुनै भय नलिई चित्त शुद्ध राख

पण्डितो=गरेजति नयाँ भएजति पुरानो, न राम्रो भए पनि आफै राम्रो भए पनि आफै हो भन्ने सही दृष्टिको ज्ञान हुने ज्ञानी पण्डितले । (अहिले भइराखेका जम्मै कुरा पुराना हुन्) केही समय लाग्दैन बदलिन्छ; कुनै भय नलेऊ, कुरूप भए पनि न डराऊ; नीच कुल भए पनि न डराऊ; धन सम्पत्ति न भए पनि न डराऊ; प्रज्ञाज्ञानमा शिथिल र कमजोर भए पनि न डराऊ; यस जन्ममा शुद्ध चित्तमात्र राख; शुद्ध चित्त राखेका नयाँ तत्वहरूले पछि धेरै धेरै जन्म-हरूमा असल परिणाम दिनेछ ।

पण्डितो= गरे जति नयाँ भए जति पुरानो न राम्रो भए पनि आफै राम्रो भए पनि आफै सही दृष्टिज्ञान हुने ज्ञानी पण्डितले; तिण्णं= पच्चीस वर्ष उचित भेद गरी त्रिविभाजित त्रिविध उमेरमा; अञ्ञतरं यामं= कमसे कम अन्तिम उमेर भनी व्यवहृत पश्चिम उमेरलाई; पतिजग्गेय्य= दोष न मिसाई पूर्ण शुद्धता ल्याई सफा सुघर पारी धुनु पर्नेछ ।

साधु ..... ! साधु .. ! साधु.......!



Downloaded from http://dhamma.digital/

## वृद्ध भएमा विचार गर

तसर्थ यसरी सुरक्षा गरी आफ्नो शरीर केही न केही छिपेर आई वृद्ध-वृद्धा भएर आए भनौं त्यस बेला विचार धारा अर्कै भएर आउँछ । म बूढो भएँ, बूढी भएँ; मर्ने बेला भयो, मेरो उमेर पुगिसक्यो; अर्को जीवन लिने बेला भयो; अर्को जन्म लिँदा कुन चाहिँ कति हतोत्साही हुन्छ; कति भय लिइरहन्छ; त्यसलाई पनि विचार न गरी हुँदैन । उदाहरणको रूपमा– उपासक सन्तमान नै भनौं जीवनभर एक-दम धनसम्पत्ति आदिद्वारा सम्पन्न भई नाइके भएर समाजमा प्रसिद्ध व्यक्ति भइरहेको छ ।

## निर्धक्क भई मर्नु महत्वपूर्ण छ

त्यस्तो एक प्रसिद्ध व्यक्ति मरणासन्न अवस्थामा डराई डराई जीवनभर अरूहरूप्रति गमक्क परी टनक्क कसेर आइ-सकेपछि मरणको नजीक पुग्दामात्र टुहुरो मुख पारी एकदम यमराजको पाइतलामा निहुरिएर थचक्क बस्नुपर्ने परि-स्थिति अति नै भयंकर छ । त्यसो भएकोले म त मरे पनि निर्धक्क र निर्भयी भई मर्न चाहन्छु । आफू आफूलाई सब भन्दा प्यारो छ भनेर शक्ति देखाउने व्यक्तिले मर्दा पनि फूर्ति साथ मर्नुपर्छ । मर्ने बेला किन फूर्ति हराउने होला भन्ने कुरो पनि हामीले विचार गर्नुपर्छ । उपासक सन्त-मानले पनि प्रत्यक्ष विचार गरेर हेर । आफू अहिले बसोबास



[redacted] Down[redacted]

गरी बसेको घर त्यसभन्दा पनि सयौं गुना मूल्यवान् हुने गरी अर्को एउटा नयाँ बनाइपाऊँ भनी भन्न आएमा अघिको पुरानो घर भत्काउन बिगार्न संकोच लाग्छ कि? यो पनि विचार गर्नुपर्छ। यसमा हानि छैन किनभने यो भन्दा बढी राम्रो घर यहाँ बनाइदिन्छु भनेपछि केको संकोच!

## राम्रो पाएमा पुरानो त्याग्न तयार हुनुपर्छ

लौ त आफैमा भनौं– भन्ते, तपाईंलाई अनुकूल हुने गरी यहाँनिर एउटा विहार नयाँ बनाउन चाहन्छु; यो ठाउँ रुचाउनुहुन्छ कि? मेरो यो पुरानो ठाउँ त रुचाउँछु। त्यसो भए योभन्दा राम्रो तपाईंलाई अनुकूल पारी बनाइदिन्छु नि, भनेमा यो पुरानोलाई भत्काउन बिगार्न तयार छौ कि छैनौ? आ यो भन्दा राम्रो बनेपछि त भत्काइदेऊ, के भयो र? ऊ तयार हुन्छ। यो त चलन नै भयो। त्यसरी नै यहाँका उपासक–उपासिका दायक–दायिकाहरूले योभन्दा पनि राम्रो आत्मभाव (शरीर) योभन्दा राम्रो भूमि पाउनेछन्; यस जीवन यस आत्मभावप्रति छोड्न न सकिने कुनै आसक्ति छ कि भन्दा अलि अलि त छ; तर अब बूढा बूढी भइसके नि त; पुरानो भइसके नि त; जीर्ण भइसके नि त। यो भन्दा राम्रो आत्मभाव लाभ हुन्छ भनेर यकीन छ त? छ, यकीन छ। यकीन छ भने यस आत्मभावलाई के गर्ने नि त? "आ . . त्यो त हराए हराओस्



Downloaded from http://dhamma.digital/

न, कै भो त ? यसभन्दा राम्रो आत्मभाव लाभ हुने भएपछि त त्याग्न तयार छु नि।"

## पुरानो पौवा भत्काए झैं हो

नमूनाको रूपमा–भनौं, अघि यहाँ ठूलो एउटा पौवा थियो; त्यस ठाउँमा यस्तै राम्रो ठूलो एउटा धर्मशाला बनाउँछु भनेमा के मैले विरोध गरुँला र ! के मैले "अहँ बनाउनुहुन्न मेरो धर्मशाला भएको ठाउँमा वनाउनुहुन्न; मेरो पुरानो वस्तु न बिगार है" भनेर बिरोध गर्ला कि गर्दैन ? गर्दैन । किन ? हे..... हे... चाँडै चाँडै भत्काऊ न; कहिले भत्काउने हो उपासक ? तिमीले यहाँनिर एकदम ठूलो इँटाको धर्मशाला बनाउने भनेको होइन र ! भत्काउन; किन (अहिलेसम्म) न भत्काएको नि ?" लौ हेर त–उनले त बेर गर्न पनि मन पराएन; भत्काउन मन लागिसक्यो।" "त्यस्तो बनाउने होइन, सामान्य रूपमा अघि जस्तै राख्ने नि, एकै फाँट गरेर" भनेमा "भयो, न बिगार उपासक मेरो धर्मशाला भनी मैले विरोध गरुँला ?"

त्यस्तै नयाँ आत्मभाव योभन्दा बढी रमणीय भएकोले लाभ हुन्छ भने वर्तमान आत्मभाव (जीवन) लाई त्याग्न संकोच हुँदैन । अत: हामीले संकोच नहुने धर्मको चिन्तन मनन गर्नुपर्छ । अहिले वर्तमानमा रहिरहेको परिस्थितिलाई निकै विचार गरी हेर्नुपर्छ ।



Dov[redacted]

# जराले मरणतिर पुऱ्याउँछ

जराय मरणं लोको उपनियति अद्धुवो *

अयं लोको= आफू अरू बहुजनाकीर्ण यस सत्त्व समूहलाई, जराय=सुस्तरी सुस्तरी विस्तारै विस्तारै एक न एक दिन जीर्ण हुने जराधर्मले, मरणं = ऐश्वर्य सम्पत्ति यश कीर्ति विनाश पारी आयुलाई समेत छुट्याई विमुख गराई एकदम विछोड गराउने मर्नेभन्ने मरणतिर, उपनियति=विछोड न भएसम्म विछोड पारी जबर्जस्ती गरी तानी तानी बाँधिराख्छ। अध्दुवो = दृढ स्थिर प्रतिष्ठित भई चिरकालसम्म रहिरहने कोही कुनै पनि निस्कन सकेन, निस्केको छैन।

यो उपदेश तथागतले रट्ठपाल नाउँ भएका महाजनपुत्र-लाई दिनुभएको हो। यस शरीरमा सँधै पछि लागिरहे-को जरा भन्ने धर्म छ। अण अण अण भई पछि लागेको छ। त्यो स्यानो स्यानो जराधर्मले दिनहुँ सुस्तरी सुस्तरी जीर्ण जीर्ण पारिराखेको छ। मेरो उपासक सन्तमानको साथमा जराधर्म पछि लागेको छ। पछि न लाग भनेर हुँदै हुँदैन। पछि लागेकै हुन्छ।

---

* रट्ठपाल सुत्त राजवग्ग मज्झिमवण्णास–२५६
(गद्यलाई पद्य बनाइएको छ)



Downloaded from http://dhamma.digital/

# वृद्ध र जीर्ण स्वभाव

त्यो जराधर्म उत्पन्न भएर विनाश हुन्छ, फेरि उत्पन्न हुन्छ अलि अलि कमजोर भएर जान्छ, उत्पन्न हुन्छ विनाश हुन्छ, अनि फेरि उत्पन्न हुन्छ अलि अलि कमजोर भएर जान्छ। कुनचाहिँ कमजोर हुन्छ? कर्मवेग कमजोर हुन्छ। कर्मवेग कमजोर हुँदा जराले विस्तारै विस्तारै शासना गर्दै शासना गर्दै यो आत्मभावलाई शास्ति दिँदा जीर्ण न हुने बस्तु कुनै पनि हुँदैन र एक जना पनि रहँदैन। कोही पनि नित्य, ध्रुव र स्थिर भएर भरखरको युवा भएर रहन सक्ने एक जना पनि छैन, कोही पनि पाइँदैन।

अयं लोको=आफू अरू बहुजनाकीर्ण यस सत्व समूह-लाई,जराय=सुस्तरी सुस्तरी विस्तारै विस्तारै एक न एक दिन जीर्ण हुने जराधर्मले, मरणं=ऐश्वर्य सम्पत्ति कीर्ति विनाश पारी आयुलाई समेत खियाई विमुख गराई एकदम विछोड गराउन मृत्यु भन्ने मरणतिर, उपनियति=विछोड न भाएसम्म विछोड पारी जवर्जस्ती तानी तानी बाँधिराख्छ।

दिनहुँ अहिले—मैले उपदेश शुरू गर्दाको आयु र उपदेश शुरू गर्दाको रूप (लाई) विस्तारै विस्तारै मरणतिर धकेलि-रहेको छ। कसले? भित्री जराधर्मले। त्यहाँका देवता-हरूले पठाएका होइनन्। शत्रुले पठाएको होइन। भित्र रहेको जराधर्मले मलाई मरणतिर नजिक—नजिक—नजिक—नजिक पर्ने गरी पठाउँदैछ। अहिले उपदेश दिइरहेको आधा घण्टा



Do[redacted]

जति भइसक्यो । मलाई भित्रको जराधर्मले मरणतिर आधा घण्टा लगातार लगातार पठाउँदैछ ।

## मार्ने ठाउँमा पठाइएको गोरु

एक एक पाइला गर्दै मार्ने ठाउँतिर लगिएको गोरु, यहाँ-देखि टाढा रहेको मार्ने ठाउँतिर लगिएको गोरु एक एक पाइला पिच्छे मरणतिर नजिक पर्दै जान्छ। त्यो त्यसलाई थाहा हुँदैन। गोरुले बुझ्दैन। त्यसको बीच बीचमा हरियो घाँस पात देख्दा खुशी हुँदै खाने गर्छ; तैपनि प्रत्येक पाइला पिच्छे त्यो मरणतिर नजिक पार्दै जान्छ। राम्रो पानी देख्दा मनपराउँदै पिउँछ। पाइलापिच्छे नजिक पुगिसकेको हुन्छ। रमाइलो पारी अनुभव गर्ने मौका पाएमा त्यसलाई अनुभव गर्ने-छ। त्यसलाई त थाहै छैन कि त्यसरी पाइला पाइला पिच्छे त्यो मार्ने ठाउँतिर पुगिरहेको छ। त्यस्तै नै-

ममा त ख्यालै छैन। उपासक सन्तमान पनि यस्तै त्यस्तै। त्यसभित्र रहेको जराधर्मले उसलाई खुरु खुरु खुरु खुरु लाँदैछ। यसलाई अहिले मलाई बोल्दै बोल्दैमा त्यसले त खुरु खुरु खुरु खुरु मरणतिर लाँदैछ। यसलाई बुझ्नुपर्छ। लौ त यसरी लाँदा पठाइँदा आधार लिने केही छ त ? यसरी खुरु खुरु मरणतिर पठाइरहेकोमा बचाउन भरोसा दिने कोही छ त ?



Downloaded from http://dhamma.digital/

भगवान् बुद्ध–

अत्ताणोयं सब्बो लोको एकन्त अनभिरस्सरो । *

## भरोसा कोही छैन

अय सब्बो लोको=यो आफू र अरू बहुजनाकीर्ण सम्पूर्ण सत्व समूह; अत्ताणो=साँच्चैको भए साँच्चैको उपद्रवमा साँच्चैका छोरा छोरी, साँच्चैका बन्धुबान्धव भनी आधार भरोसा लिन लायक कोही पनि छैन । एकन्त अनभिरस्सरो=निस्सन्देह भय उपद्रवलाई प्रतिरोध गरी भागेर जाँदा लुकेर बस्ने ठाउँ पनि छैन ।

मलाई जराले लाँदैछ, घिसार्दै छ । मैले–हे जरा, रोक, अय् भन न जरा, रोक रोक ।'' ज्ञातिबन्धुहरू सबै सबै आओ न; लौ हेर जराले मलाई मार्नतिर लाँदैछ । रोक भन न । हुँदैन । अहो ..... लौ न जरालाई भन, उपहार दिनेछु उपहार. सयौं हजारौंको उपहार दिन्छु, रोक जरालाई रोक । मान्छ ? यो पनि हुँदैन । लाखौं लाख दिन्छु रोक न रोक । अँहँ हुँदैन ।

## जरालाई रोक्न सक्तैन

अत्ताणो=साँच्चैको भय, साँच्चैको उपद्रवमा साँच्चैका छोराछोरी, साँच्चैका बन्धुबान्धव भनी आधार भरोसा

---

* रट्ठपाल सुत्त–राजवग्ग– मज्झिम पण्णास–२५६
(गद्यलाई पद्य बनाइएको छ)



Do

लिन लायक कोही पनि छैन । उपासक सन्तमानलाई कर्मले विघ्नबाधा दिइन्छ भने एकातिरका आफ्ना इष्ट मित्र जाति बन्धु दास कर्मचारीहरूले 'ल ल आइज, शक्ति छ भने आइज, के ठान्छस् मान्छे मान्छे भिड्ने पैसा पैसा भिड्ने, सम्पत्ति सम्पत्ति भिड्ने, कुल वंशसँग भिड्ने ? ल.. आ !"

यति त उनीहरू काममा आइएला, भरोस लिन सकिएला। यति त आधार होला । यो उपासक सन्तमानको भित्रैदेखि पछि लागेको जराधर्मलाई "हे भाइ, त्यहाँ त्यसले तिम्रा आचार्यलाई मार्न भनी अहिले विस्तारै विस्तार लाँदैछ, लौ है तिमीहरूले के गर्ने हो ?" अँहँ सक्तैन, हामीहरूले त सक्तैनौं" सम्पत्तिहरू थुपारेर दिए कसो होला त नि ? अंहँ अहँ जराले त वास्तै राख्दैन । तसर्थ-

## लुक्ने छिप्ने ठाउँ पनि छैन

अत्ताणो=साँच्चैको भय, साँच्चैको उपद्रवमा साँच्चैको छोराछोरी, साँच्चैको बन्धुबान्धव भनी आधार भरोसा लिन लायक कोही पनि छैन। एकन्त अनभिरसरो=निस्सन्देह भय उपद्रवलाई प्रतिरोध गरी भागेर जाँदा लुकेर बस्ने ठाउँ पनि छैन। लुकेर हेर, महलमा घुसेर छिपेर हेर। पहाड पर्वतमा घुसी लुकेर हेर। पहाड पर्वतमा गुफा बनाई छिपेर हेर। के मुक्त हुन्छ ? आकाशमा उडी बसेर हेर, के मुक्त हुन्छ ? अन्त्यमा ब्रह्मा भएर बस, के मुक्त हुन्छ ?



Downloaded from http://dhamma.digital/

एकान्त अनभिरमरो = निस्सन्देह भय उपद्रवलाई फेरि प्रतिरोध गरी भागेर जाँदा लुकेर बस्ने ठाउँ पनि छैन। हेर, दुई पाद उपदेश। पहिलो जराले न मरेसम्म मरणतिर लाँदैछ, घिसार्दै छ। एक एक पाइला सार्दै मार्ने ठाउँमा पठाइएको गोरु जस्तै समय रहेसम्म एक मिनेट रहेसम्म लाँदैछ घिसार्दैछ। जीर्ण न भएसम्म न मरेसम्म जराले लाँदैछ घिसार्दैछ। त्यसरी लाँदै पठाउँदै रहेको ठाउँमा "भयो, भयो रोक" भनी हुकुम दिन सक्ने व्यक्ति जातिवन्धु-हरू मध्येमा कोही पनि छैन। "ल ल यो उपहार लेऊ" भनी उपहार चढाएर पनि हुन्न। कुनै सुख सम्पत्ति ऐश्वर्य दिएर पनि हुन्न। त्यस्तो स्थितिमा हाम्रा भित्रैदेखि पछि लागेको भयंकर तत्त्व के छ भने–

## निजी सम्पत्ति छैन

अस्सकोयं सब्बो लोको जहं सब्बं गमिस्सते। *

अयं सब्बो लोको = यो आफू अरू वहुजनाकोर्ण सम्पूर्ण सत्त्व समूह, अस्सको– निजी सम्पत्ति भनी राख्ने कुनै चीज पनि छैन सब्बं—भए भरको सम्पूर्णलाई, जहं (जहन्तो) त्यागी छोडी, जहं (जहन्तो) हटाई बिरत भई त्यागी छोडी, गमिस्सते = कर्म निर्देशित अतिक्रमण गर्न नसकी अभिभार बोकी यत्र तत्र जानुपर्नेछ।

---

* रट्ठपाल सुत्त; राजवग्ग; मज्झिम पण्णास्व २५६
(गद्यलाई पद्य बनाइएको छ)



Dow

कसैमा निजी सम्पत्ति छैन । उपासक सन्तमानले भन्ला "मेरो आयु, मेरो घर र मेरा भित्री बाहिरी चीज बस्तुहरू अधीनमा छैन र ?" होला – क्षणिक – यो छकाइरहेको केहो क्षणको लागि त होला पनि – अधीनमा रहेको जस्तो ।

## सबै छोडेर जानु छ

लौ कल्पना गरौं; म पनि एकलै भएकोले टुहुरो जस्तो लाग्नेछ । म र उपासक सन्तमान यो जन्म अनि यो जीवन त्यागेर उतातिरको जन्ममा प्रतिसन्धि रहने बित्तिकै मैले पनि मेरो विहार, आराम मेरो अधीनमा गर्नुभएन; मेरो ज्ञान विज्ञान समेत मेरो अधीनमा रहेन । उपासक सन्तमानले पनि आफ्नो मिल अधीनमा गर्न भएन; प्रतिसन्धि भन्ने बित्तिकै सबै छोड्नु पऱ्यो । जम्मै अधीनमा रहेन । त्यसो भएर "त्यस अधीन न रहेका चीजवस्तुहरूलाई भगवान् बुद्धको उपदेश अनुसार कसरी अधीनस्थ गर्ने त" भनी सोध्नुपर्ने स्थिति छ ।

## निजी सम्पत्ति बनाऊ

भगवान् बुद्धले "घरमा आगो लाग्दा हातमा आउन सक्ने जति बाहिर झिकेर ल्याउन सक्ने चीजबस्तुहरू निजी अधीनस्थ सम्पत्ति भए झैं बताउनुभएको जरारूपी आगो लागिरहेको छ; मरणरूपी आगो लागिरहेको छ, जरा र मरणरूपी आगो लागिरहेको अवस्थाबाट दान प्रदान त्याग गरेर बाहिर निकाल" भन्नुहुन्छ । हेर, अर्को जन्ममा समेत



Downloaded from http://dhamma.digital/

यो कुरा गाँसिर आयो । उपासक सन्तमानले आज अनि राम्रो भव्य शोभायमान ठूलो धर्मशाला आजको परिषद् सहित उपदेश सुन्ने पुण्यानुमोदन जलतर्पण गरी दान गर्दैछ । बुद्ध–शासनलाई पूजा गर्दैछ । भगवान् बुद्धलाई पूजा गर्दैछ । तसर्थ जति पैसा खर्च भयो भने पनि त्यस कुशल चेतना कर्म त उपासक सन्तमानसँग गाँसेर आइसक्यो । "अहो यो पनि निजी यो पनि निजी ।" मैले "म मेरो अधीनमा छैन" भने पनि आज "यस ठूलो परिषद्लाई मैत्री करुणा अगाडि सारी यिनीहरूले जानुन् बुझुन् भनी उपदेश दिइरहेको चेतनालाई त अधीनस्थ भइहाल्यो; आफ्नो निजी भइगयो ।"

आजा घण्टा ४५ मिनेट जतिको समयभित्र पनि जराले त छोडेन; मरणतिर उद्योग गर्दै लाँदैछ ।

## धर्मग्रन्थ पूजा *

अँ .. मैले पनि जरारूपी आगो लागिरहेको बेलामा आफ्नो चेतना आफूले ल्याइरहेको निकै आफ्नो भइसक्यो । उपासक सन्तमानले यी धर्मग्रन्थहरू हेरी अध्ययन गरी "धर्म–ग्रन्थहरू: अहो यी धर्मग्रन्थहरू आराम विहारमा रहेका भिक्षु–संघ मध्येमा अध्यापन गर्ने भिक्षुले अध्यापन गर्नेछ; अध्ययन गर्ने भिक्षुले अध्ययन गर्नेछ; अध्ययन अध्यापन गरी उहाँहरू–ले बुझ्दा सयादोले जस्तै हामी सबैलाई उपदेश दिनेछन्; पछिल्ला नौजवानहरूलाई उपदेश गर्नेछन्" भनी त्यस चेतनाद्वारा ग्रन्थहरू धर्मचैत्य नामक भगवान् बुद्धको मुखारवृन्दबाट निस्के-



Do[redacted]

का वचनहरूलाई लेखिराखेका धर्महरूलाई र लेखिराखेका ग्रन्थहरूलाई पूजा गर्दछ।

## आफूसँग गाँसेर आयो

बुद्धशासनको सेवा हुँदैछ। भगवान् बुद्धलाई उद्देश्य गरी ठूलो धर्मशाला बनाएको बुद्धपूजा हो। तथागतको मुखारवृन्दबाट निस्केको धर्मलाई पूजा गरेको धर्मपूजा हो। त्यो त सँगै गाँसेर आएको छ। उपासक सन्तमान र हामीले प्रतिसन्धि ग्रहण गऱ्यौं भने सँगै गाँसेर आइहाल्यो। के गाँसेर आयो त? धर्मपूजा भएको उपदेशको कारण आफू उत्पन्न भएको जन्ममा प्रज्ञावान् दक्षता गाँसेर आइसक्यो। बुद्धपूजा भएको यस प्रकारको भव्य विशाल धर्मशाला दानपूजा भएको कारणले यहाँ घरबार यस उसलाई छोडेर गएता पनि यो भन्दा बढिया ठाउँ त्यहाँ तयार भइरहेको हुनुपर्छ। यो अति नै राम्रो हो।

## चतुर्दिशा दान

अहिले जस्तै जरारूपी आगो र मरणआगो लागिरहेको बेलामा हिजो परिषद्हरू सबैलाई चतुर्दिशा दान गरियो। कत्तिको रमाइलो भन्ते, ऊ आफूलाई भन्ने के? बाहिरका समेतले "कत्तिको रमाइलो भन्ते; एकदम खाइयो पिइयो उप-देशहरू सुनियो" भन्दै खुशी भएका छन्। दाता स्वयंलाई त भन्ने नै के! बिल्कुल प्रीतिले भिजाई जिरिंग जिरिंग पारी भित्रै देखि हर्षको अनुभव गर्दछ।



Downloaded from http://dhamma.digital/

त्यसो हुनाले यसरी सारा दिन लगाई गरिएको दान; सयौं हजारौंलाई खुवाई पिलाई गरिएको दान चेतना; फेरि

अस्ति कयौं परिषद्लाई खुवाई पिलाई गरिएको दान चेतना; फेरि ·· ·· ती चेतनाहरूलाई कतै पनि सच्याउनु–पर्दैन । भकारीमा पनि राख्नुपर्दैन; सेफमा पनि राख्नुपर्दैन; एकदम सुरक्षित छ; एकदम ।

## कुशल कर्मलाई लुट्न सक्तैन

"शक्ति भए लौ चोर" शक्ति भए मैले तीन दिनसम्म चतुर्दिशा दान गरेको चेतनालाई खोइ तिमीले कहाँ राख्यौ ? "मैले त अलग्ग राखेको छु नि त"; ल्यौ न ईर्ष्या हुनेले लिइहाल मेरो मनलाई परीक्षा गर्न मन लाग्नेले परीक्षा गर । ल . ल .. आऊ आऊ गर, परीक्षा गर । अस्ति तिमीले कुशल कर्महरू लाभ गऱ्यौ भन्छन् । कसो तीन दिन जति चतुर्दिशा पनि खुवायौ; ठूलो गन्धकुटी धर्मशाला पनि भव्य विशाल रूपमा बनाई दान दियौ; पिटक ग्रन्थहरूको पनि विहारमा पूजा गऱ्यो रे; लौ ती चेतनाहरू मलाई देऊ" "हुन्छ हुन्छ दिन्छु ।" कसरी दिने त ?" मैले संचय गरेको कुशल पुण्य भागलाई मैले जस्तै हर्षोल्लास पूर्वक राम्ररी अनुमोदन गर्न सकोस्" भनी दिने बेला उनीहरूले "साधु साधु" भन्ने बित्तिकै उनमा पनि कुशल पुण्य लाभ हुन्छ; असाध्य राम्रो नि !



Do[redacted]

## साधु भनेमा लाभ हुन्छ

चोरेर त लिन हुन्न। रमणीय, प्रसन्न र प्रफुल्लित भई साधु भनेमा लाभ हुन्छ त नि। अँ हँ चतुर्दिशा भोजन गराइयो; खुशी लाग्यो, एकदम खुशी लाग्यो; मलाई पनि खुवाउन मन लागेको छ। साधु साधु, असाध्य खुशी लाग्यो मलाई त। "मित्र, कुशल पुण्य अनुमोदन गर्नुस् है" अनुमोदन गर्छु नि अनुमोदन गर्छु सबै परिषद्लाई अनि मित्रहरूलाई अनुमोदन गर्छु नि"। साधु है साधु साधु।" यस प्रकारले त लिन हुन्छ। जबर्जस्ती गरेर लिन्छु भन्ने तरीकाले त लिन हुन्न।

त्यसकारण हाम्रा धार्मिक विधि अनुसार भन्ने हो भने ऐश्वर्य सम्पत्तिलाई छोडेर जानुपर्छ भने पनि सम्पत्ति त निकै छ नि। यो स्कन्ध शरीर फालेर जानु परे पनि सत्ता पत्ता स्कन्ध शरीर योभन्दा पनि राम्रो छ। त्यसो भए पछि डर मान्नुपर्ने के छ र?

## तृष्णा घट्दैन

ऊनको यं सब्बो लोको अतित्तो तानदासको। *

अयं सब्बो लोको=यो आफू अरू बहुजनाकीर्ण सम्पूर्ण सत्त्व समूह; ऊनको=ऐश्वर्य सम्पत्ति यश कीर्ति जति बढे चढे पनि निसन्देह अपरिपूर्ण भई घटेकै हुन्छ। अतित्तो=यतिले त भयो

* रट्ठपाल सुत्त, राजवग्ग, मज्झिम पण्णास–२५६। (गद्यलाई पद्य रूप दिइएको छ)



Downloaded from http://dhamma.digital/

पुग्यो जे भए पनि अब त सन्तोष मान्छु तृप्त हुन्छु भन्न हुँदैन । वानदासको तृष्णाले अह्राए जस्तै, रहन न सकी खोजी खोजी तर्पण गर्ने तृष्णाका दासदासी कर्मचारीहरू हुन् ।

उपासक सन्तमानले नै बाल्यकालदेखि धन सम्पत्ति आर्जन गर्ने क्षेत्रमा प्रत्यावर्तन गरी विचार गर। यस वर्ष यति भए पुग्यो, पछि त भयो, कामकाज गर्दिन, आराम-सित बस्नेछु भनी कहिलेकाहीँ विचार आउँछ। केही समय-पछि फेरि अर्को वर्ष आउँदा धान किन्ने बेलामा किन्न मन लागेर आउँछ ।

गएको वर्ष कति फाइदा भयो, पुग्यो नि त होइन ? भन्दा "यस वर्ष अघिभन्दा नाफा पाइन्छ कि क्या हो क्या हो" भनी यस्तो तृष्णाले मन समाएकै हुन्छ । "भयो अब त, तपाईंलाई यतिका वर्षसम्म नाफा पाउँदै आएपछि अब के को खाँचो, पुगिहाल्यो नि ।" "होइन भाइ, सकेको बेलामा अलि अलि त गरिरहनु नै पर्छ नि" भन्दै अरू थप किन्न मन लागिरहेको हुन्छ । बेच्न मन लागिरहेको हुन्छ । त्यसरी तृष्णा कहिले पनि बिलाएर सेलाएर जाँदैन । धनोपार्जनमा मात्र त्यस्तो हो कि भन्दा खानु लाउनु पिउनुमा पनि तृष्णा कहिल्यै घट्दैन ।

हेर त, आइमाईहरूले कपडा फेरी फेरी लगाएर हिँडेको; यो जोडापछि त्यो जोडा : त्यो जोडापछि फेरि त्यो जोडा। बुझ्नु भो ! पहिले जिद्दी गर्दा त "भयो अब



Do[redacted]

यो एक जोडा मात्रै त नि" भन्छिन् त्यो जोडा पाएपछि फेरि अर्को एक जोडा भन्छिन्। अब त पुग्यो ! तिनीहरूको पुग्यो कहिले पनि टुंगिने पुग्यो होइन ।

## कुहेको माछासम्म पनि छैन

ऊनको=ऐश्वर्य सम्पत्ति यश कीर्ति जति बढे चढे पनि निःसन्देह अपरिपूर्ण भई घटेकै हुन्छ। अपुग नै रहिरहन्छ। चाहि नै रहन्छ। कसो यति भए त पुग्छ होला नि" भन्दा अलि अलि पुगेको छैन, चाहिन्छ नै। एक ठाउँमा एक जना सयादो भोजन गर्दै हुनुहुन्छ। उहाँका उपासक उपासिका-हरूले पनि उहाँलाई असाध्य श्रद्धा राख्छन्। उनि अति भाग्यमानी पनि। सारा भोजनको टेबुलमा उहाँले नजर गर्नु भो। "खोइ के भनौं, कुहेको माछासम्म पनि छैन भनी खुस् खुस् गर्न थाल्यो। यो चाहिँ सयादो। कर्मस्थानाचार्य सयादो। कर्मस्थानाचार्य सयादो भएर पनि सारा भोजन टेबुल-मा राख्दा राख्दै सूप व्यञ्जन तरकारी रिकापीका रिकापीले भरिसकेको छ; अझ पनि निहुरिएर नजर गर्दै "खोइ ... कुहेको माछासम्म पनि छैन, हत्तेरि" भनेर चाहना गर्दैछ। यसप्रकारले गृहस्थहरूको घरायसी आवश्यकता त भनेर साध्य हुँदैन। सर्वप्रथम घर बनाउँछ, केही बेर भएपछि यो पनि आवश्यक छ; त्यो पनि आवश्यक छ; आवश्यकै आवश्यक भएभरको कुरा आवश्यक। कहिलेसम्म ! न



Downloaded from http://dhamma.digital/

मरुन्जेलसम्म । त्यो आवश्यकता त्यो चाहाना रहि नै रहन्छ ।

## एउटी उपासिका

ऊनको=ऐश्वर्य सम्पत्ति यश कीर्ति जति बढे चढे पनि निस्सन्देह अपरिपूर्ण भएकै हुन्छ। अतित्तो=यतिले त भयो पुग्यो जे भए पनि अब त सन्तोष मान्छु तृप्त हुन्छु भन्ने हुँदन। हामीसँग हेमखेम भएको एक जना उपासककी श्रीमती उपासिका विश्व युद्धहुनुभन्दा निकै अगाडि एक समयमा दिक्क मानी फुस् फुसाउँदैन भन्छिन् – "हामीलाई त दुई तीन हजार जति वढी सम्पत्ति पाएमा शगाई(पर्वत)गई उपोसथ व्रत धारण गरी दुइजना आरामसित बसिहाल्छौं" पछि गएर।

भाग्यको कुरा, धनोपार्जन गर्दा तीन हजार होइन, तीस हजारमात्र होइन; तीन लाखमात्र पनि होइन; युद्ध हुँदा बैंकमा छ लाख सित्तैमा गयो रे। त्यसो भएर पनि अब सेलायो कि भन्दा अहँ .. .. सेलाएन। अहिले पनि कमाउँदैछे। खोजी–नीति गर्दैछे। मैले भेट्दा "उपासिके, .. ... यतिका उमेर पुगिसक्यो; भयो अब त, .. .. यसले राम्रो हुँदैन नि ... ... यसो उसो" भनें।

"अब चाहना छैन भन्छिन् तर चाहन्छिन् पनि। लौ त भनौं कमले अह्राएको छ! हातले अह्राएको छैन; मुखले अह्राएको छैन; किन्तु आफूभित्रको तृष्णाले अह्राइरहेको छ। तसर्थ –



Do[redacted]

## चार पाद उपदेश

वान दासको=तृष्णाले अन्हाए जस्तै, रहन नसकी खोजी खोजी तर्पण गर्नुपर्ने तृष्णाका दास दासी कर्मचारीहरू हुन्। यो बुझ्नुपर्छ। चार पाद उपदेश भगवान् बुद्धले दिनुभएको छ।

१–प्रथम– जराधर्मले नमरेसम्म शास्ति गर्दैछ।

२–द्वितीय– खास अवस्थामा रक्षा गर्ने आधार दिने कोही छैन।

३–तृतीय– सबैमा अधीनस्थ निजी सम्पत्ति छैन; सबै छोडी त्यागी जानुपर्नेछ।

४–चतुर्थ– सबै तृष्णाका दास दासी मात्रै हुन्। कोही कहिले पनि सन्तोष मान्दैनन् र सधैं आवश्यकता र चाहना रहिरहन्छ।

त्यस चार पाद उपदेशलाई उपासक सन्तमानपरिषद्ले विचार गर्नुपर्नेछ। विचार नगरी हुँदैन। मर्न त्रास र भय लागेको यसैले हो। मरणासन्न अवस्थामा "मेरा सम्पत्तिहरू, मेरो जीवनभर कमाइराखेका सम्पत्तिहरू छोडेर जानुपर्ने भो। मेरा जाति बन्धु बान्धवहरू; छोरा छोरीहरू; घर गृहिणीहरू सँग विछोड भएर जानुपर्ने भो" भनी चिन्तन गरी गरी त्रास लागिएको हुन्छ। यो अति महत्वपूर्ण छ।

## हाँसी हाँसी मर्न सक्नु

"मैले कहाँसम्म पुग्न कोशीश गरेर जानुपर्ला; कुन जन्ममा पुग्ने होला हाय रे.....बुद्ध... बुद्ध......अपाय



Downloaded from http://dhamma.digital/

दुर्गति नरकमा पतन भयो भने... अहो दुःख !" यो विषयलाई कल्पना गर्दै त्रास मानेका यी विषयहरूलाई एक एक गरी स्पष्ट पारी राखेमा कतै त्रास लाग्दैन होला। मलाई लाग्छ, एक एक गरी स्पष्ट पारिराखेको व्यक्ति मरणासन्न अवस्थामा हाँस्न र मुस्कुराउन सक्नेछ। "म मर्न लागें भने राम्रो इतिहास बनाई मुस्कुराइकन मर्न सक्नको लागि कसरी उद्योग गर्नुपर्ला" भन्ने विचार गर्छु। उपासक सन्तमानले पनि मैले जस्तै विचार गर्नु राम्रो छ किन भने अहिले हातमा रहेका सम्पत्तिहरू त्यागेर जानु छ।

यस कुरालाई विचार गर्दा "के भयो त .... ममा कुशल कर्महरू प्रशस्त छँदैछन्। यो महल जति यो मील जति त के, यो भन्दा बढी ऐश्वर्य सम्पत्ति म जस्तो श्रद्धा धर्मले मुक्त व्यक्तिहरूले मात्र अनुभव गरेर बसेका छन्। वर्तमान विश्वमा ऐश्वर्य सम्पत्तिले सजीसजाउ गरी जाज्वल्यमान भइरहे जति हामी जस्तै श्रद्धाधर्मधारी मात्रै हुन्। अतएव वर्तमानका सामान्य सम्पत्तिलाई त्याग्न गाह्रो होला र ? सुनको भाँडो पाउने ठाउँमा माटोको भाँडो फुट्ला भन्ने डर होला र ? अति भव्य विशाल भूमि विमानको ठाउँमा यो वर्तमान सामान्य विहार, सामान्य घर, सामान्य बाग बगैंचा प्रति ममता छाड्न गाह्रो होला र ?

## दानशीलद्वारा रक्षा

त्यसो हुनाले वर्तमान सम्पत्तिमा सानो मन नराख्ने विधि यो दानभन्दा अर्को आधार क्षेत्र छैन। वर्तमान



Do[redacted]

सम्पत्तिभन्दा कता कताको सम्पत्ति पाउन यो दान बाहेक अर्को भरोसा लिने क्षेत्र छैन । त्यसो भएर अहिले दान गरिसकेको छ । हर्षोल्लास पूर्वक पनि गरिसकेको छ । त्यति-ले सन्तोष न मानी फेरि पनि गर्दैछ । स्वविवेकले केही समयअघि यो विहारमा आवश्यक परिरहेको देखी कुचो पनि बेला बेलामा पठाइ नै रहेको छ । " स्वविवेकले मैले गरि-रहेको दानले मलाई रक्षा न गरे कसलाई गर्ला र ? वर्तमान जाति बन्धु बान्धव र छोरा छोरीहरूले मलाई रक्षा नगरे पनि मेरो दानले मलाई रक्षा गर्नेछ । मेरो शीलले मलाई रक्षा गर्नेछ ।" यसरी प्रिनीहरू जस्तालाई आधार लिइराखेमा म भन्छु "हा .. .. मर्न किन डराउनुपरेको छ; किन त्रास मान्नु परेको छ र !" यो व्यक्तिगत भावना हो ।

## राम्रो सत्पुरुष होऊ

फेरि मेरा छोरा छोरी, जाति बन्धु र लोग्ने स्वास्नी आदिलाई छोडेर जानु छ । मलाई दया लाग्छ; माया लाग्छ; सम्झना आउँछ भनौं न । यो आश्चर्य छैन । प्रत्येक जीवनमा वियोग हुनुपर्ने हो । जन्म जन्म पिच्छे वियोग र विछोड हुँदै हुँदै आउँनुपर्छ । अत: के गर्नुपर्ला भने मेरो हिसाब चाहिँ "आफू सत्पुरुष भएर बस्ने, आफ्ना अतिप्रिय व्यक्तिहरूलाई राम्रा सत्पुरुष बनाइदिने ।" अहिले मैले उप-देश गरिरहेको यस परिषद्लाई मैले घनिष्ठ रूपमा उपदेश दिइरहेको एकदम सत्पुरुष बनिरहन हो । किनभने विछोड



Downloaded from http://dhamma.digital/

र वियोग हुनु छ; अवश्यमेव विछोड र वियोग भएर जानु छ। एक अर्का सित छुटेर जानु छ।

## जहाँ जहाँ निर्भय छ त्यहाँ त्यहाँ भागे जस्तै छ

ठूलो डुंगा, ठूलो जहाज डुब्ने बेलामा नदीमा आफ्नो हातले भ्याउने आधार लिई पारतरी हात पुग्न सक्ने ठाउँ रोजी जहाँ पायो त्यहाँ भागेर जाने जस्तै भय उपद्रव युद्ध हुने बेला बम सम खसाल्दा फ्यांक्दा आगो सागोले घेरिरहँदा जहाँ पायो त्यहाँ मुक्ति खोजी भागे जस्तै—

जन्म जन्म प्रत्येक जन्म एक ठाउँबाट अर्को ठाउँ सरी सरी फेरि फेरि भाग्नुपर्ने भएकोले सबै वियोग हुनु छ। प्रत्येक जन्ममा वियोग भएर आएका छौं तर जति वियोग भएर आउनुपरे तापनि उनमा पनि आफ्नो आधार छ। उपमा...... जहाज डुब्दा "अहा ... मैले पनि एउटा लाइफ् ज्याकेट पाएँ, अरूलाई यसो हेर्दा ..... अहा, मेरी श्रीमतीले पनि एउटा पाएकी रहेछ, अब त केहीं छैन, ठीकै भो" भनी मन एकदम शान्त हुन्छ।

Dhamma.Digital

उनमा पनि आधार छँदैछ। फलानोमा पनि "अहा... मुढो भेट्टाए छ, बडो बेश भयो।" पार तर्नु त आ—आफैले हो। तैपनि उनीहरूमा पनि आधार रहेछ।

## सत्पुरुष परिवार

त्यसरी नै आफ्ना उपासक उपासिकाहरू आफ्ना सम्पत्ति छोरा छोरीहरूमा आ—आफ्ना आधार छन्। सत्पुरुषले



Do[redacted]

बुद्ध-पूजा गरिरहेको रहेछ । असाध्य सुशीला छिन् मेरी छोरी सुशीला छिन् । बुद्ध-पूजा गर्छिन् यति त भरोसा हुनुपर्छ । अँहँ .. उसले भिक्षा दिइरहेको रहेछ । अति राम्रो अति राम्रो । आफ्नो आधार आफैले लिँदैछ । अहा ! उनले त उपोसथ धारणा गरेको रहेछ । कति सन्तोषजनक कति हर्षको कुरा । श्रीमती गृहिणीलाई हेर्दा उनी पनि श्रद्धालु सत्पुरुष, श्रीमान् पतिलाई हेर्दा उनी पनि श्रद्धालु सत्पुरुष, छोरा छोरीहरूलाई हेर्दा पनि श्रद्धालु, उपोसथव्रत राख्नेले राखिरहेको छ, बुद्ध-पूजा गर्नेले गरिरहेको छ । दान दिनेले भिक्षा दिइरहेको छ, गरीब याचकहरूलाई दिनेले दिइरहेका छन् । अहा .. कति राम्रा आधार भरोसाहरू ? असाध्य राम्रो । यसरी यसरी, वियोग त हुनु नै पर्नेछ, तैपनि आधार भरोसा हुने गरी समात्न सकेमा कति राम्रो !

## आ-आफ्नो कर्म आफैमा

तसर्थ अहिलेको परिषद्ले पनि कहिलेकाहीँ राम्रो कर्मको बीचमा परेको अनुभव गर्न सकिन्छ । अँ .... हाम्रा पलैत् शहरका परिषद्हरू अघिदेखि म स्यानो छँदा भेटघाट भइरहेका हुन् । म स्यानो बालक छँदा यस पलैत् शहरमा बसोबास गरेर गए पनि अहिले त अलग्ग रही आ-आफ्नो कर्म अनुसार रहिरहेकाछौं । हामी पनि हाम्रा कर्म अनुसार रहिरहेकाछौं, त्यसो हुनाले संसारमा विछोड भएर गए पनि हामी पनि हाम्रो आधारमा हाम्रो दान हाम्रो शील हाम्रो



Downloaded from http://dhamma.digital/

चेतनामा वा, सत्वप्रति मैत्री करुणा राखी हामी यसरी बस्नेछौं । य .....यसो भएमा वियोग हुनु कतै अचम्म लाग्दैन, आश्चर्य हुँदैन तर कुनै कुनै बेला पारमी पूर्ण गर्न सहयोगी व्यक्तिहरू हुँदा फेरि फेरि भेटघाट भइरहन्छ । तिनीहरूको फेरि फेरि मिलन भएतापनि एकदम रनथनिएर भरोसा लिनु—हुँदैन । केही अधिका कुशराजलाई प्रभावतीले घृणा गरेको कुरालाई हेर त ।

## आफू ठीक भएमा मात्र

पारमी सहयोगीहरू भने पनि आफू ठीक भएम मात्र । जस्तै किनमा प्रत्येक जन्ममा बुद्धि पनि तीक्ष्ण र गुणांग पनि परिपूर्ण छ भने जाति बन्धु बान्धवहरूले मलाई वा मसित जाति सम्बन्ध राख्न मन पराउनेछन् । म मात्र लोखर्के मन्द-बुद्धि रूप लावण्य पनि समाजमा नगण्य अक्रियाशील बुद्धु भइदिएमा "यो केटो हाम्रो कुलमा कसरी जन्मन आयो कुन्नि" भनी ठान्नेछन् । त्यसो भएर आफूले आफूलाई जोड तोड्ने प्रयत्न र प्रयास गर्नुपर्दछ । तसर्थ 'वियोग हुनु छ, मर्नु छ भएको सम्पत्ति त्याग्नु छ, एक न एक नयाँ जन्म लिनु छ, त्यस लिनुपर्ने जीवनमा पनि आफू निम्नस्तर निम्न कोटीको न हुन अहिलेदेखि नयाँ नयाँ कर्महरूलाई सबभन्दा राम्रो हुने गरी प्रयत्न र प्रयास गर्नु छ ।"

## अन्तिम उमेरमा उद्योग

पछिल्लो—गरे जति नयाँ भए जति पुरानो न राम्रो भए पनि आफै राम्रो भए पनि आफै सही ज्ञान दृष्टि हुने ज्ञानी

पण्डितले; तिण्णं=पच्चीस वर्ष उचित भेद गरी त्रिविभाजित त्रिविध उमेरमा, अञ्ञतरं यामं=कमसे कम अन्तिम उमेर भनी व्यवहृत पश्चिम उमेरलाई। अन्तिम उमेरमा त अलि अलि आयु चढिसकेको हुन्छ त्यस बेलामा त भावना धर्म अभ्यास गर्नको लागि भन्न मलाई असाध्य चाहना हुन्छ। अन्तिम अवस्थामा एकदम धर्मको चिन्तन मनन गर्नु, धेरै समयसम्म उपोसथव्रत राख्नु, रूखमुनि राम्रो छायामा शान्त दान्त पूर्वक कर्मस्थानको उद्योग र अभ्यास गर्नु, त्यसरी बसो-बास गरेमा हामीले पुग्नुपर्ने जन्म अवश्यमेव सुनिश्चित छ नि त। त्यस कारण आउने जीवनप्रति डर मान्नुपर्दैन।

यस जन्ममा मात्र कारणहरूलाई राम्रो पार्न उद्योग गर्नु छ। अन्तिम उमेर बूढा बूढी भइसकेपछि घरमा रहिर-हन त्यत्तिको सुहाउँदैन। विहारको नजिक कर्मस्थान आश्रम-हरूमा नक्कल गर्ने रूपमा न भई एकदम आफूले आफूलाई सुनिश्चित पारिसकेपछि मात्र मर्ने नि। मरणपछि बिल्कुल डराउन न पर्ने गरी यी दान, शील, भावनामात्र मेरा छन् भनी विचार गरी, तिण्णं=पच्चीस वर्ष उचित भेद गरी त्रिविभाजित त्रिविध उमेरमा, अञ्ञतरं यामं=कमसे कम अन्तिम उमेर भनी व्यवहृत पश्चिम उमेरलाई, पतिजग्गेय्य=दोष न मिसाई पूर्ण शुद्धता ल्याई र सफा सुघर पारी धुनुपर्नेछ।

साधु ....! साधु ....!! साधु ..!!!



Downloaded from http://dhamma.digital/

# अर्को जन्ममा निर्भयी भई जान सक्न

समय अलि पछि पर्‍यो । अतएव सबैले कहिलेकाहीँ भेट हुनेहरू समेत गरी–मैले उपदेश गरेको र आफूले आफूलाई सबभन्दा प्यारो भन्ने देशनालाई सर्वप्रथम बुझ्नुपर्‍यो । आफूले आफूलाई सबभन्दा प्यारो छ भने अर्को जन्ममा पुग्ने बेला डराउन न पर्ने गरी कसो गर्ने त भन्दा अहिले हातले भ्याएसम्मका कुशलकर्मलाई उद्योग गर्नुले मात्र सन्तोष नमानी निकै उमेर गएछ भने ५०–वर्ष ६०–वर्षको उमेरमा पुगेका वृद्ध वृद्धाहरूले त कुनै दोष अपराध नहुने गरी दीर्घकालीन उपोसथव्रत बस्नु मैत्रीभावनामा वृद्धि गर्नु, अनित्य, दुःख र अनात्म कर्मस्थान वृद्धि गर्नुद्वारा त्यसरी विल्कुल निर्दोष हुने गरी विशुद्ध चित्त सँभार र व्यवस्था गरी आफू आफै अर्को जन्ममा जानु नै परे पछि न डराउनु मात्र नभै मुस्कुराएर हाँसी हाँसी अर्को जन्ममा डरभर विना जान सक्ने गरी आफू आफैले प्रयत्न र प्रयास गर्न सकून् !

Dhamma.Digital

साधु .... ! साधु......! ! साधु ...! ! !



Dow

एरावती (अचिरवती) नदीमा पानी बढिसकेको छ; पानी बढेको प्रतिफल देख्दा त्यहाँ माथि पानी परिरहेको छ भन्ने कारणलाई अनुमानले जान्न सकिन्छ। गएर हेर्नुपर्दैन। खोज खबर लिइरहनु पनि पर्दैन। अनुमानले जान्न सकिन्छ। यसलाई परिणाम हेरेर कारणलाई जान्ने अनुमानसिद्ध भनिन्छ।

सिद्ध भनेको सम्पन्न भइसक्यो; सिद्धिइसक्यो; त्यहाँ पानी परेको कारणलाई जान्ने कार्य पूरा भइसक्यो; यो अनुमान सिद्ध नै हो।

फेरि यहाँ पानी बढेकोलाई आधार लियो भने पानी बढेको प्रमाण जति जति चढेको छ त्यति त्यति त्यहाँ तल्लो भागका शहर गाउँ खेत बालीहरूमा पानी पाउने भयो; पानीले छोप्ने भयो। त्यो पनि अनुमानले जान्न सकिन्छ। यो चाहिँ यहाँ पानी बढेको कारणलाई हेरी त्यहाँ तलतिर खेत बारीमा अनि शहर गाउँहरूमा पानी पाइने भयो: अथवा पानीले छोप्ने भयो, प्रतिफललाई अानुमानले जान्न सक्ने भयो। यो चाहिँ कारण हेरी प्रतिफललाई जान्न सकिने अर्को प्रकारको अनुमान सिद्ध कुरा भनी ग्रन्थले भन्छ।

## उद्योग गर्दै

यहाँ उपमा स्वभावले भनिसकियो; उपमा स्वभावले भनिसकेपछि संसार वा लोकलाई फेरि विचार



Downloaded from http://dhamma.digital/

गर्नुछ । भनौं बिश्वयुद्धपछि, द्वितीय विश्वयुद्ध भइसकेपछि अनेकौं देश र राष्ट्रहरू अलग अलग निर्माण गरिए । स्वतन्त्रता प्राप्त गर्न (पाउन प्रयास गरे । स्वतन्त्रता पाउन प्रयत्न गरिसकेपछि आ–आफ्ना सम्बन्धित देश र राष्ट्रहरू विकास र उन्नति गर्न भनी ठूला साना राष्ट्रहरूका सम्बन्धित नेता–हरूले प्रयास गरे । द्वितीय विश्वयुद्ध भइसकेपछिदेखि प्रयास गर्दै आइरहेको अहिलेसम्म पनि जारी नै छ, उद्योग हुँदैछ ।

## विश्वको विकास

एक समय रूसका वैज्ञानिकहरू आइपुग्दा म सँग कुरा–कानी हुँदा हुँदै निर्धक्क र स्वतन्त्र रूपमा सोध्ने बोल्ने स्थितिमा पुग्दा पछि गएर उनीहरूले के सोधे भने अहिलेको विश्वमा एकदम विकास भएर आयो । विश्वका ज्ञान विज्ञान अति नै उन्नत हुँदैछ । त्यसो भएर यस विकासबाट एटम भन्नेलाई पनि सबभन्दा राम्रो क्षेत्रमा प्रयोग गर्न अत्यधिक समर्थ भइरहेको जानिसकिएको छ, हात हाल्न सकिएको छ, कार्य गर्न सकिएको छ । फेरि माथि चन्द्रलोकसम्म पनि मानिस पुग्न सक्ने गरी प्रयास गरिरहेको छ, पुगिसकेको छ, अति नै विकास भइरहेको छ । त्यो विकास भइरहेकोलाई सयादोले कसरी विचार गर्नुभएको छ नि ?"



Downloaded from http://dhamma.digital/

## मर्यादाको दृष्टि

मैले यो एक प्रश्नलाई विश्वमा महत्वपूर्ण स्थितिमा पुगिसकेका व्यक्तिहरूलाई जवाफ दिने क्षेत्रमा आफूले चाहेतिर ढल्काई जवाफ दिएर हुन्न । स्वभाव अनुसार जवाफ दिए-मात्र ठीक हुन्छ। मेरो चाहना पनि विशेष केही छैन । स्वभावलाई नै मन पराउँछु । त्यसो हुनाले अहिले विकास भइराखेको जस्तो विकास मैले पनि देखिसकेको छु। अत-एव एटमहरूमाथि दखल राख्न सकी विकास भइरहेको पनि सही छ। चन्द्रलोक जानसकेकोले विकास भइरहेको पनि ठीक छ । यो विकासमा विकासलाई कारण गरी मानिसहरूले राम्रोसित खाना खान पाइनेछ। राम्रोसित लाउन पाइनेछ। राम्रोसित बस्न पाइनेछ । उनीहरूले पनि यसै मार्गलाई उद्देश्य राखी काम गरिरहेका हुन् । हुन सके जति त भइस-केको पनि छ, पछि पनि यस्तै हुँदै जानेछ, कुनै विनाश रहेन भने, तर अहिले विकासको लागि प्रयास गरिरहेको बाटोमा व्यवहार चरित्र विकास गर्न बाटो छैन।

त्यसकारण मानसिक सुख दिन सक्ने व्यवहार चरित्र निर्माण गर्ने क्रिया संलग्न नरहेको कारणले राम्ररी खान पिउन लाउन बस्न पाएर पनि सत्वहरूले मानसिक सुख पाउनेछैन।

## मानसिक सुख छ ?

यो आफूतिर तानी दिएको जवाफ होइन। साँच्चै



Downloaded from http://dhamma.digital/

मौलिक विचार अनुसार दिएको जवाफ हो । त्यसो भएर मैले दिएको जवाफ भविष्यको लागि दूरदर्शी भएर दिएता पनि अहिले प्रत्यक्ष रूपमा योग्यतानुसार विकास भई राम्रो खाना खाइरहन सक्छ। राम्रो लुगा लगाइरहन सक्छ । राम्रो घरबार आसन जमाई राम्ररी बस्न सकिरहेको छ। त्यस्तो घरमा छोरा छोरीहरूको हूल र नाति पनातिहरूको हूलले घेरेर बसिरहेका छन् । मानसिक सुख छ त ? वरि परि छरछिमेकीसँग आवत जावत गरी मोटर कार चढी हिँडिरहँदा अति नै सुखी छन् । आफ्नो आवहवालाई देखिन्छ कि ? मानसिक सुख छ कि ?

## पूर्वयुगका बर्मेलीहरू

यो विषय हामीलाई भन्दा घरमा बस्ने मानिसहरूलाई बढी थाहाछ । अहिले जति विकास नभएको बेला त्यो माथिल्लो प्रदेशलाई अंग्रेजहरूले आफ्नो हातमा पार्नुभन्दा अगाडि जन्मिएका हजुरबा हजुरआमाहरूसित मेरो केही न केही रूपमा सम्बन्ध रहेको थियो। त्यसो हुँदा उनीहरूको खानपानमा अहिले कुनै भव्यता विशालता छैन । आफ्ना गाउँ घरमा रहेका खानपान विना कठिनाई खाई पिइरहेका छन् । लुगाफाटा पनि जसो तसो योग्य हुने गरी लगाइरहेका छन् तर हजुरबाहरू बिहान सबेरै कुराकानी गरिरहेका हुन्छन् । उता घरका यता घरका शुद्ध श्वेतवस्त्र लगाएका हजुरबाहरू



Downloaded from http://dhamma.digital/

त्यस उमेरतिर पुग्न लागिएकाहरू वम उमेरदारहरूलाई मैले फिका चिया खन्याई ह्यालिदिन्छु ।

## सभ्यवचन

उनीहरूले गरिरहेका कुराकानी त्यसबेला म बुझ्दिन । कुराकानी असाध्य सभ्य छ । उमेरदारहरूले भन्दा "जो आज्ञा; जो आज्ञा; जो आज्ञा ।" त्यस बेला मैले केही बुझ्दिनथें । तिनीहरूले पनि निकै छिटो छिटो कुरा गर्थे । "जो आज्ञा हजुर" केही अभिप्राय पनि मैले जानेको थिइन ।

फेरि अर्कोले भनेको कुरामा पनि यताकोले "शिरोपर हजुर शिरोपर" म केही बुझ्दिन भन्छन् । के अभिप्राय हो । उनीहरूको बोली पनि छिटो छिटो "शिरोपर हजुर शिरोपर" "टाउकोमा थामी टाउकोमा थामी" भनी सम्झन्थें । तर मुखमुद्राहरू प्रसन्न र प्रफुल्लित छन् । स्वस्थ र ह्रष्ट पुष्ट छन् । यी हजुरबाहरू हजुरआमाहरू यो बेला भिक्षाटन गर्ने भिक्षुहरूलाई बाटामा निस्की शान्त दान्त भई प्रसन्न र प्रफुल्लित मुखमुद्राले भिक्षादान दिइरहेका हुन्छन् । मैले केही उमेर चढेर आएपछि मात्र ती हजुरबा हजुरआमाहरूको युगलाई पुनर्वार विचार गरें ।

## व्यवहार चरित्र

"शिरोपर हजुर, अहिले भनेको कुरालाई म तिरस्कार गर्दिन । शिरमाथि धारण गरिराख्छु, अहिले अह्राउनु-



Downloaded from http://dhamma.digital/

भएको कुरालाई आज्ञा भए जस्तै अनुसरण गर्छु" यो अभिप्राय पनि खुलेर आयो "अहो, कत्तिको सभ्य, हाम्रा हजुरबा हजुरआमाहरूको युगमा कत्तिको सुख बाबै भनी नियालेर हेरें। कस्तो सम्झना आयो त्यो युगको। त्यस युगमा चरित्र-लाई अघि अघि सबेरै छँदा अनुशासन गर्छन्। हजुरबा हजुरआमाहरूले नाति पनाति छोरा छोरीहरूलाई" यसो नभन, यसो न बोल, यसो नबस, यसो नगर, जेठाबाठाको सामुन्ने शरीर झुकाई जाऊ, कुरा गर्दा "जो आज्ञा" "हजुर" भनी आदर गौरव राखी भन भनी सिकाउँछन् । त्यसबेला त्यसको स्वाद थाहा थिएन। अहिले त्यो शिक्षा दीक्षा पाएकोले स्वयं आफूले स्वाद पाउँदै छु; अरूहरूको निमित्त पनि थाहा पाइरहेको छु।

## अलप भइसक्यो

मैले ती रसियन वैज्ञानिकहरूले सोधेको बेला त्यसरी चरित्र निर्माण गर्ने बानि अहिले शून्य भइसक्यो, अरू अरू राष्ट्रहरूमा त के भनौं आफ्नो राष्ट्रमा समेत शून्य भइसक्यो। त्यसो हुँदा छोरा छोरी नाति पनातिहरूले आमा बाबु बाजे बज्यैहरूका कुरा नसुन्नुको अतिरिक्त "यी बूढा बूढी-हरूलाई के थाहा छ र" यस्तोभन्ने पनि भएर आइसक्यो। "आधुनिक ढंग छैन" जस्तो भएर आइसक्यो। लौ त लौ आधु-निक रग ढंग भएका ठिटा ठिटीहरूले आमाबाबुको कुरा न सुनी बाजे बज्यैहरूका कुरा न सुनी मनपर्दो गर्दा सुख भएमा यो



Downloaded from http://dhamma.digital/

प्रत्यक्ष सिद्ध छ पच्चक्ख (प्रत्यक्ष) भनेको दृष्टान्त हो । त्यो सिद्धले निरीक्षण गर्नुछ । दृष्टान्त सुख भइरहेको छ भने आमा बाबुहरूको कुरालाई आधुनिक रंग ढंग छैन, हामी शिक्षित भइसकेका छौं; आमा बाबुहरू हामी जति शिक्षित छैनन्; अतः आधुनिक छैन । लौ त भनौं तिनीहरू बढी शिक्षित छन् ?

## कुरा विचारणीय

बढी शिक्षित भएकोले तिनीहरूको धारणा र दृष्टि अनुसार काम गर्दा सारा विश्वले राम्रो खाना खाएर, राम्रो लुगा लाएर; राम्रा राम्रा आसन शय्या घरवारहरूमा बसेर तिनीहरू आफै मानसिक रूपमा सुखी छन् त ? प्रत्यक्ष रूपमा ? हेर त उनीहरूको कुरा नसुन्ने आमा बाबुहरू मानसिक रूपले सुखी न भएका, यो त प्रत्यक्ष छ । ती आमाबाबुहरू मानसिक रूपले सुखी न भएका त त्यसै रहुन्, आफै के मानसिक रूपले सुखी छन् त ? एकले अर्कोप्रति विश्वस्त भई व्यवहार गर्न सजिलो छ त ? छैन त भन्न मन पर्दैन, तर सजिलो छ त ?

## पूर्वयुगमा वैवाहिक सम्बन्ध

मैले पूर्वयुगका जम्मै क्रियाकलापहरू राम्रा छन् भनिरहेको होइन है, तर पूर्वयुगमा चरित्र रहिरहेकोले चरित्र निर्माण गर्ने प्रक्रिया छ भनिरहेको हुँ । त्यस युगमा चरित्र निर्माण गर्ने प्रक्रिया रहेको बेलामा विवाह गर्छ भन्दा एकले अर्कोको



Downloaded from http://dhamma.digital/

विषय बुझ्न निकै समयसम्म ज्ञाति बन्धु परस्परमा पनि परीक्षण गर्छन्, दुबै परस्परमा पनि परीक्षण गर्छन् ।

परीक्षण गरिसकेपछि एक अर्कोसित अति हेमखेम भइसकेपछि जो कोही पनि आफूमा दिलचस्पी न भए पनि "आपसमा मन सुखी हुने गरी बस्छु रहन्छु" भनी निर्णय गर्छ । आफूमा बानी न भए पनि भनौं यस व्यक्तिमा अलि रिसाउने बानी छ, उनकी गृहिणी सुखी राख्नलाई म रिसलाई संयम गर्छु; उनले पनि "तपाई रिसाउँदा म डराउँछु नि", "म कहाँ रिसाउँछु र" परस्परमा यस्तो भनिएमा राम्रो हुन्छ । यस्तै बोलि वचन बस उठ र चरित्र आदिमा एकले अर्कोमाथि सहनशीलता राख्न सक्ने गरी यस्ता व्यक्ति बस्ने गर्छन् ।

## विवाहअघि

यहाँ सुनिराखेको एउटा हँसिलो कुरा सम्झनामा आउँछ । रिसाहा दम्पतीहरू विवाह हुनुभन्दा अगाडि कुराकानी गरिराखेका रहेछन् । रिसालु लोग्ने चाहिँले "हेर, हामी दुइजना सँगै बस्ने बेलामा नि फलामको सम्बन्धमा मैले तिमीलाई सियोले पनि ताक्नेछैन" भनी त्यति सम्म भनिराखेको रहेछ । रिस उठ्ने बेलामा त ऊ अति नै भयंकर हुन्थ्यो । बानि नि । यसरी पछि विवाह गरेर निकै समय बित्दा लोग्नेमा रिस उठ्यो । रिसमा जथाभावी गाली गर्न थाल्यो । गाली गर्दा स्वास्नी चाहिँले भने "होइन, अघि तपाईंले फलामको सम्बन्धमा तिमीलाई सियोले समेत ताक्नेछैन भन्नुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital/

अहिले केले ताकिरहेको नि त ?" माया पिरति लागिरहेको बेलामा यसरी भन्ने रहेछ ।

## सन्तोष

लोग्ने चाहिँले जवाफ दियो "हा त्यस बेला त विवाह नै भएको थिएन नि।" (हि ही...) । जे होस्, सन्तोष भइहाल्यो। दुबै दम्पती निकै उमेरदार भए। उता लोग्ने चाहिँले खुकुरी समातेर दगुरेर आउँदा "अँ के तपाईँले मलाई साँच्चै मार्ने त ?" भनी स्वास्नी चाहिँले भनिन् । लोग्ने चाहिँ त्यसै निहुरेर सन्तोष भएर गयो ।

## विकास र चरित्र

पूर्वयुगको विषयलाई अहिलेको विकास र पूर्वयुगको-चरित्र निर्माणसित सम्मिश्रण गर्न पाएमा अति नै सुख मिल्नेछ भन्ने आशा राख्दछु । आजकालका मानिसमा भएका ज्ञान-बुद्धिको विकासको रूपमा स्वास्थ्यतिर लागेर त्यस दिशातिर विकास हुनु र राम्रा औषधिहरूको विकास हुनुलाई उहिलेको चरित्रसित मिसाउन पाएमा अति नै सुखवर्धक हुनेछ । अहिलेको प्रत्यक्ष सिद्धलाई निरीक्षण गर्दा विकास हुनुपर्ने त भइराखेको छ तर चारित्रिक विकासको अभावले मानिस सुखी छैनन् । सन्तोष छैनन् । विश्वस्त छैनन् । त्यसो भएर दुई दम्पतीका बीच-मा पनि हुनुपर्ने जति सौहार्दता छैन । छोराछोरीहरूको पालामा पनि तिनीहरू (आमाबाबुहरू) कार्यमा व्यस्त रहनुपर्दा रेखदेख गर्ने बाजे बज्यैहरू भए त केही छैन, न भएमा यी बालबच्चा-



Downloaded from http://dhamma.digital/

हरूलाई ज्ञानीगुणी बनाउन निकै गाह्रो पर्नेछ । गाह्रो परेको कारणले नै अहिले यस्तो स्थिति आएको छ ।

## अति सुहाउनेछ

हाम्रा अघिका पुर्खाहरू एकतिरको घरमा बाजे बज्यैहरू, अर्कोतिरको घरमा काकाहरू, फेरि अर्को घरमा काकीहरूका रूपमा ज्ञातिका घरहरू विभिन्न चारैतिर घेरिरहने गर्छन् । कहीँ कतै जानुपर्दा "दाज्यू, बालबच्चाहरूलाई हेरिदिनुस् है; दिदी, केटाकेटीहरूलाई सम्हालिदिनुस् है" भनी संकेत दिई "ल ल हुन्छ हुन्छ" भन्दै उनले आफ्ना बालबच्चाहरूलाई जस्तै विचार गरिदिन्छन् । स्वास्थ्य सम्बन्धमा, बसोबास सम्बन्धमा र मानसिक सुख सम्बन्धमा सबै क्षेत्रमा आ–आफ्ना युग अनुसार अति नै राम्रो नि ! अहिलेको विकाससित जोडिदिन पाए कति राम्रो हुने होला !

## अनुमान गर्न सकिन्छ

यो अनुभवसिद्ध छ कि अहिले चरित्र निर्माण कार्य कुनै पनि राष्ट्रहरूमा रहेन । आफ्नो राष्ट्रमा पनि हुनुपर्ने जति रहेन । भिक्षुसंघले पनि चरित्र अभिभार बोक्नु परेकोमा अहिले त्यो अभिभार बोक्न सकेन । खान पान बसोबासको विकास गर्न प्रयास गरिरहेको भएपनि चरित्र निर्माणकार्यप्रति उपेक्षा गरी आइरहेकोले खान पान रहन सहनको निम्ति परिपूर्ण भए पनि चरित्र न



Downloaded from http://dhamma.digital/

भएकोले मानसिक तौरले सुखी भने भएनन "भन्ने कुरा अनुभव भएको कुरा अनुमानसिद्धद्वारा गर्न सकिन्छ ।

## देखदैछु

यस्ता कुरा अनुमानसिद्ध रूपमा ग्रन्थमा रहेकोले यसको कारण हुनेछ भन्ने कुरा कसैसित पनि सोधिरहनुपर्दैन । मैले जानेको छु, देखेको छु । चरित्र राम्रो भएन भने दम्पतीका बीच आपसमा जति प्रेम हुनुपर्ने हो त्यति प्रेम हुँदैन । जति विश्वस्त हुनुपर्ने हो हुँदैन । विश्वास भएन भने जति मानसिक सुख हुनुपर्ने हो त्यति हुँदैन । छोरा छोरी परम्परासम्म लगायत पनि हुँदैन तसर्थ हाम्रो ग्रन्थको अनुमानसिद्धता अति राम्रो छ ।

## रक्सीको लागि पैसा

हिजो मात्रै रंगूनको हरेक क्षेत्रमा उनीहरूका सम्बन्धित विषयहरूमा शीर्षस्थ स्थानमा पुगिराखेको एक जना व्यक्तिलाई मैले भनें । "अखबारमा देख्छु, तिमीहरूको रंगूनमा नयाँ वर्षको संक्रान्ति उत्सवभित्र रक्सी बेचेर लाभ भएको रूपियाँ सात लाख जति छ" "यो हुन सक्छ रे ।" मैले पनि अखबारमा "अ: . रंगून वरिपरि रक्सी बेचेर सात लाख जति पायो रे" भन्दा उनले पनि "यो होला नि" रे ।



Downloaded from http://dhamma.digital/

# रक्सीले नुहाए

किन उसले होला नि भन्न सक्यो भन्दा एक जना युवक, तिनीहरूको रक्सीमण्डलमा, एकजना युवक भने पनि अफिसर मध्येमा एकजना युवक, संक्रान्ति उत्सवभित्र उनीहरूको मण्डलमा गएर बस्दा ठूल ठूला अफिसरहरूले रक्सी पिइरहेको हुँदा उनलाई पनि लौ न "पिऊ" भनी दिए। "भयो होइन, मेरी आमाले उपोसथव्रत नबसी हुँदैन भने–कीले मैले उपोसथव्रत लिइराखेको छु" भने। रक्सीमण्डल-मा उपोसथव्रतधारी व्यक्ति आइपुगेको छ। 'मैले उपोसथव्रत धारण गरिराखेको छु, आमाले भनेर। उनी चाहिँ अपर बर्माको बर्मेली ठाँटबाँटको। उनकी आमा पनि अपर बर्माकी। त्यसो हुँदा उपोसथव्रत न राखी नहुने भएर आमाको चित्त शान्त र सुखी पार्न मैले उपोसथव्रत धारण गरेर आएको छु। "लौ जा, रक्सी खाँदैन भने यसलाई त हामी सबैले रक्सी छ्याप्ने है" भनी एकदम रक्सीको बोतलले खन्याउँदा आँग जम्मै संक्रान्तिक पानी बनिहाले। यसरी घर फर्केर आउँदा" आमा, मलाई रक्सी खाएर आएको न ठान्नुहोला है। मलाई साथीहरू सबैले रक्सीले छ्यापेकोले आँग जम्मै भिजेको छ" भन्दा आमा चाहिँले पनि मुस्कुराइरहनुपर्‍यो।



Downloaded from http://dhamma.digital/

## कस्तो छ नि !

लौं हेर, कस्तो छ नि ! ल चरित्र कस्तो छ ? त्यस्तो चरित्र यस्तै भएर गयो भने विकास हुन्छ नि, होइन र ! खान पान रहन सहनको विकास हुनेछ, राम्रो हुनेछ ! कसरी चित्तमा सुख शान्ति पाउने नि ? त्यसले त हामीले ग्रन्थानुसार अनुमान लगाई हेर्छु नि। अहिले यस्तो हुन्छ भने पछि कस्तो हुनेछ भन्ने कुरा अहिलेको कारणलाई हेरेमा पछिको परिणाम कस्तो हुनेछ भनेर अनुमानले हेर्न सकिन्छ. हेर्न हुन्छ। यो अनुमानसिद्ध हो। त्यस अनुमानसिद्ध अनुरूप अनुमानले हेर्दा पाउने अभिप्राय र अर्थलाई अहिले प्रत्यक्ष सिद्धको रूपमा देखापरिरहेको छ होइन र ? रवर्साले संक्रान्ति उत्सवको पानी छ्याप्नु प्रत्यक्ष नै होइन र ?

## भयंकर भइसक्यो

दुई दम्पती परस्पर पारपाचुके लिएर छुट्टिने, छुटाछूटहुने अघिभन्दा बढ्ता भएर आएको प्रत्यक्ष होइन र ? हिजो मात्रै एकजना महिलाले "भयंकर भइसक्यो भयंकर, भ्रूण हत्या गर्ने क्रियाकलापहरू अति नै भयंकर भइसके, गर्भपात गर्ने कामहरू अति नै डरलाग्दो भइसके" भनी आफ्ना महिलावर्गहरूमा व्यक्त गरे। यहाँ ( रंगून ) वरिपरि भइरहेको गर्भपात कार्य एक महिनामा कति रे भन्ने कुरा यो प्रत्यक्षसिद्ध हो; प्रत्यक्ष दृष्टान्त सम्पन्न भइरहेको



Downloaded from http://dhamma.digital/

छ । यसरी चरित्र भंग भएमा यो दुष्परिणाम भोग्नु पर्ने नै भो भन्ने कुरातिर मुखातीत गरी अनागत जीवनको लागि सोच्नुपर्ने भएको छ। अहिले त प्रत्यक्षसिद्ध दृष्टान्त अनुभव भइसकेको छ। सुख पाउन सकेको छ के ?

## श्रमणजीवन

म गृहस्थजीवनमाथि गहन रूपमा दृष्टिपात गरी हाम्रो बुद्धशासनतिर दृष्टिपात गर्छु । हाम्रो शासनिक संसार पनि अघि जस्तो न भई चरित्र फरक पर्दै आइ-सकेको छ। विनयमाथि गौरव नराखेसम्म फरक पर्दैरहनेछ। विनयमाथि गौरव नराख्नुमा पनि कतिसम्म भन्ने पनि म कान दिई सुनिरहेको छु।

## म मुस्कुराइरहनेछु रहन सक्छु

ल हुन्छ; हामीले पनि विनय चरित्रलाई आचरण गर्दैनौं; गौरव राख्दैनौं, तिनीहरू पनि विकसित युग अनुसार विकास गर्न उद्योगरत छन् नै भनौं; केही छैन, यो परिस्थिति अनुसार म हेरिरहन सक्छु। बुद्ध–शासन बढी प्रभावकारी भएर आएको छ कि ? यो विनयप्रति गौरव न राख्दा देशवासी जनताहरूले बुद्ध–शासनलाई बढी गौरव राखेर आएकाछन् कि ? यदि शासन वृद्धि हुँदै आएको छ, विनय भने छैन, तर युगानुकूल शिक्षा हासिल गरेर परीक्षामा भाग लिई परीक्षामा उत्तीर्ण हुँदै आधुनिक शिक्षा-



Downloaded from http://dhamma.digital/

हरूमा शिक्षित भई श्रमणहरूलाई गृहस्थीहरूले अत्यधिक गौरव राख्दछन् भनी मैले विनयमाथि गौरव राख्नुलाई बिस्तारै छोपिराख्छु र मुस्कुराइकन हर्षोल्लास पूर्वक हेरिरहनेछु। म आफैंले त विनयमाथि गौरव न राखी रहन सक्तिन । अरूले विनयमाथि गौरव नराख्नुलाई म केही भन्न चाहन्न। किन कि विकास भइरहेको छ नि त। मानिसहरूले बढी गौरव राख्दै आएका छन् नि त । त्यसो भएमा म रहन सक्छु नि ।

## शासन अधःपतन

अहिले त विनयमाथि गौरव नराख्नाले गर्दा श्रमणहरूको आपसमा पनि गौरव छैन। गृहस्थीहरूले पनि साथीभाइ जस्तो व्यवहार गर्दै आइरहेका छन् । भिक्षुसंघ भनेर सगौरव व्यवहार गरेनन्। निष्कर्ष लिएर हेर्दा शासनको शोभा पतन हुँदैछ । यो किन नि भन्दा विनय चरित्रले गर्दा नै हो। विनय चरित्र नहुनुको कारणले यस्तो हुनु परेको हो । शिक्षित नभएर होइन । परीक्षामा उत्तीर्ण हुँदै छन्। शिक्षित भएर पनि यस्तो हुनुपरेको डुंगा चलाउँदा पनि डुबिरहे झैं भएको छ। देशका जनताहरूले खान पान रहन सहन विकास गर्न प्रयास गर्दै चरित्र हीन भएर मानसिक दुःख भोगिरहे जस्तै हाम्रो शासनमा पनि स्वयं श्रमणहरू मानसिक तौरले सुखी छैनन् । उनीहरूको अनुहारमा शोभा छैन। तिनीहरूमा पनि दुःख छ। कतै गौरव छैन।



Downloaded from http://dhamma.digital/

## विनय ज्ञान राखी गौरव गर

विहारमा त "लौ, परीक्षामा उत्तीर्ण न भए न होस्, बिस्तारै उत्तीर्ण हुँदै जानेछ, विनयलाई त ज्ञान राख, विनयलाई गौरव गर, म पूर्ववर्ती राम्रो अध्यायलाई छोड्न न सक्ने व्यक्ति हो । पौराणिक गुरु आचार्यहरूको नियम नीति अनुकूल वस्त्र लगाऊ, खान पान आवत जावत गर । विनयमाथि गौरव राख । विनयलाई शिरमा लगाऊ। यसलाई यसरी मानेर बस्न सक्दैन भने म पतन हुन्छ भन्छु । उसको पतन हुनेछ । कतिको पतन हुनेछ त ? यस जीवनमा श्रमण गृहस्थीहरूको गौरव पाउन सक्तिन, पतन हुन्छ ।

## जादू टुना भए जस्तै

यस जन्ममा खान पानको लागि अधार्मिक विधि अपनाएर खान पान गरे पनि यी कुराहरू जादू टुना हुनुभन्दा डरलाग्दो छ किनभने बुद्धले भन्नुभएको छ –

पिण्डो पिस्स अयोगुलो अयोपत्तोव चीवरं ।

अस्स= त्यो शील अपरिशुद्ध पृथग्जन भिक्षुको, पिण्डोपि=दायक दायिकाहरूले श्रद्धा वृद्धि गरी नित्य दान गरेका खाद्य भोज्य पनि, अयोगुलोव=ताप रापले रातो पर्ने गरी बलिरहेको फलामे डल्लो फलामे भकुण्डो फलामे डण्डी समान छ । त्यसरी भगवान् सम्यक्सम्बुद्धले देशना गर्नुभएको छ। चीवरवस्त्र त आगो बली दन्किरहेको फलामे पाताले बेरिराखेको जस्तै, बसोबास गर्ने विहार पनि दन्किरहेको



Downloaded from http://dhamma.digital/

फलामे खासी (धेरै बस्तु पकाउने ठूलो भाँडा) मा परिरहेका भनी कहिले पनि विचार गरेको पाइँदैन भनी भगवान् बुद्धले आज्ञा गर्नुभएको मात्र नभई मरणपछि पनि नरक, तिर्यक् र प्रेत जस्तो मार्ग तिर लाग्नुपर्ने भएको ले त्यस व्यक्तिको निमित्त सजिलो छैन। बुद्धशासनको निमित्त पनि शोभा छैन। देश र राष्ट्रको निमित्त पनि शोभा छैन। तसर्थ विनयलाई गौरव राख। यो विहारमा विनयलाई गौरव नराखिहुँदैन। विनय गौरव छैन भने बस्दै न बस्ने। यो विहारमा पनि न बस्नू र शासनमा पनि नबस्नू भनी भन्दैछु।

## निर्भीक भई भन

यसलाई मैले कसरी जान्न सकें त ? भरखरको अनुमानसिद्धद्वारा अनुमान गरी जान्न सक्छु। प्रत्यक्ष सिद्धद्वारा दृष्टान्त भइरहेकोलाई पनि जान्न सक्छु। तसर्थ म निर्भीक भई भन्दैछु। कसैले सोध्न आएमा पनि निर्भीक भई जवाफ दिन्छु। महा–आरामलाई निर्भीक वचनद्वारा रेख देख गर्दैछु। किन ? भोग्नुपर्ने दोषलाई देखिसकेको छु। भोगिरहेको अपराधलाई पनि देखिसकेको छु। यदि विनय गौरव राखिन्छ भने त्यस सम्वन्धमा ग्रन्थले भनेको छ–

"सीलं=विनय शिक्षापद शील; अविप्पटिसाराय=मानसिक अशान्ति न हुनको लागि; होति=भइरहेको छ।" विनय नियम भंग गरी जथाभावी मन चाहेको गरिरहने व्यक्ति मरणासन्न अवस्थामा पश्चात्ताप गर्छ। "ममा भूल भयो; अवश्यमेव नरकमा जानेछु" भन्दै पश्चात्ताप गर्छ।



Downloaded from http://dhamma.digital/

## विनयप्रतिफल

विनय नियमलाई गौरव राख्ने व्यक्तिमा मरणासन्न अवस्थामा भए पनि न मरुञ्जेल भए पनि हृदय प्रसन्न रहँदा प्रीति प्रामोद्य युक्त भई अति नै मानसिक सुख हुन्छ । उमालेको केराउ खाई मानसिक सुख नपाए, दोष आपत्ति न लागी विनयानुकूल भएको उमालेको केराउ खाँदा मानसिक सुख हुन्छ । त्यसमा प्रामोद्य आउँछ । त्यमरी मानसिक सुख भएको बेला एकदम जिरिंग जिरिंग गरी प्रीति उब्जी मानसिक सुख पाएर प्रसन्न भएर आउँछ । प्रीति उब्जेर आउँदा शरीर समेत सुखानन्दले भरेर खाने चीज सामान्य भए पनि बसोबास गर्ने ठाउँ अनि विहार स्यानो भए पनि बिल्कुल शान्त दान्त भएको शरीरले आवत जावत बसोबास गर्दा जीउ नै हलुंगो हुन्छ । धर्माचरण गर्नु राम्रो भएकोले विनय संरक्षण अति नै राम्रो हो ।

Dhamma.Digital

## शीलप्रतिफल

घरमा बसेर पनि पञ्चशील पालन गरी, दुई दम्पती आपसमा प्रेम र स्नेह युक्त भई, भविष्यको संसार सम्बन्धमा समेत विचार पुऱ्याई, शील सम्पन्न भई जीवन निर्वाह गरेमा चरित्र राम्रो भई प्रसन्न र प्रफुल्लित भइरहेमा मरे पनि बिछोड त हुनेछैन भनी धारणा राखेमा मानसिक सुख पाई माया प्रीति रहने हुन्छ । ग्रन्थहरूमा कथावस्तुहरू छन्



Downloaded from http://dhamma.digital/

तब दृष्टान्त रूपमा मानसिक सुख हुनु न हुनु प्रत्यक्ष सिद्ध हुन्छ। त्यस कारण मैले निर्भीक रूपमा भनिरहेको हुँ। गृहस्थीहरूले पनि आ-आफ्नो चरित्र राम्रो पारेर बस, घर परिवारहरूले छोराछोरीहरूलाई ब्रताचरण र शीलको कुरा शुरुदेखि नै अध्यापन गराउन् र अनुशासित राखुन्। आधुनिक रंग ढंगमा मात्र न डुबाउन्। आधुनिक युगका रंग ढंग भएका महान् राष्ट्रहरूमा पनि मानिसमा मानसिक सुख छैन। कुरा बुझिहेर्दा अनुमान सिद्ध सत्य रहेछ। त्यहाँ पनि मानिस मानसिक रूपले सुखी छैन।

## एक जना साहू

केही समयअघि डलरको भाउमा निकै हेरफेर हुन गएको थियो। त्यस डलर उपयोग गर्ने राष्ट्रको एक जना साहू करोडपति रहेछ। डलरको हेरफेरले गर्दा उसमा दश लाख जतिको नोक्सान पुगेको रहेछ। हाम्रो धार्मिक विचार अनुसार त दश लाख नोक्सान भएर के भयो र ९० लाख जति त बाकी छँदैछ नि भनी चित्तबुझाएर मानसिक दुःख मान्नुपर्ने स्थिति हटाइन्छ। तर त्यो साहू दश लाख डलरको नोक्सान हुँदा मानसिक दुःखले घरको धेरै तला माथिबाट हाम्फाली मर्न पुगेछ। कस्तो व्यवहार हेर त! कस्तो रहेछ नि त चरित्र! सही व्यवहारको शीलाचरणको अभावले गर्दा ठूल-ठूला विकसित राष्ट्रहरूमा पनि सुख चैन छैन, यसलाई हामीले त्यहाँ गएर हेर्नुपर्दैन। यो धर्म अति नै



Downloaded from http://dhamma.digital/

सही छ । यो अनुमानसिद्धले हेरे पनि ठीकै छ। अहिले त प्रत्यक्ष सुनिरहेको ले प्रत्यक्षसिद्धद्वारा नै सही भएको छ।

## शासनको अधःपतन

बुद्धशासनको अधःपतन भएर आइरहेको प्रत्यक्षसिद्धद्वारा साक्षात्कार हुँदै आएको छ। पछि त अहिलेभन्दा पनि पतन हुँदै जानेछ होला। यसो भन्नुपरेको किनभने हामीलाई थाहा छ हेर, धमाधम समाजमा आदर गौरव घट्दै छ। भिक्षु श्रमणहरूले गृहस्थीहरूसँग व्यवहार गर्दा गृहस्थीहरूको व्यवहारझैं र साथी भाइ जस्तै व्यवहार गर्छन्। गुरु, आचार्य र श्रद्धेय व्यक्तिको रूपले व्यवहार गर्दैनन्। यस्तो व्यवहारले बुद्धशासन उन्नति भएको छ भने त ठीकै छ। अहिले त फटाफट धमाधम पतनोन्मुखी हुँदै गइरहेको मात्र देखापर्दछ। गृहस्थीहरूले पनि यसलाई किंचित् सम्झन थालेका छन्। यसलाई मामुली देख्न लागेका छन्। वरिपरिकाले हेय दृष्टि राख्दै गएका छन्। सारा देशले निक्ति सम्झन लागिसकेका छन्। 'जान्छ यो शासन जान्छ, केही बेर लाग्दैन, जान्छ हामीले देखिराखेका छौं।" भन्दछन्।

## आकार प्रकार र रहन सहन

त्यसो हुँदा दोष देखेछ भने परिणाम वा प्रतिफल पनि त देख्नुपर्‍यो नि। यसरी रहेमा बुद्धशासन कस्तो किसिमले विकास भई देशमा शासनले कति हदसम्म सघाउ पुर्‍याउनेछ



Downloaded from http://dhamma.digital/

भन्नेलाई पनि देख्दैछौं। यो जम्मै अनुमानसिद्ध, आकप्पसिद्ध (आकल्प) द्वारा हेरिरहेका हौं। फेरि आकप्पसिद्ध – सम्पूर्ण आकार प्रकारलाई हेर्दा त के भन्ने कुरा जानिन्छ। अहिले शासनिक स्थितिबारे कुरा गर्ने हो भने आकप्प–श्रमणहरूले आधुनिकता दर्शाउन भनी आ-आफ्ना अनुहारमा पटक्कै समाधि प्रयोग गर्दैनन् – यो आकप्प हो नि; गम्भीरभाव समाधि प्रयोग नगर्नाले मानिसहरूले श्रद्धा राख्दैनन् भन्ने तथ्य सुनिश्चित छ; अहिले पनि श्रद्धा राख्दैनन्; यो पनि यस्तो आकार प्रकारलाई हेरी त्यस्तो परिणाम निस्किने न हो। श्रद्धा प्रसन्नता राख्नेछैनन् भनी हामी देख्छौं।

## कुनै जातिका मानिसहरू

एक समयमा विदेशीहरूसित मिली बर्माको राजधानी रंगूनमा एउटा ठूलो उत्सव मनाएको थियो। त्यस बेला श्रमण भिक्षुहरू काषायवस्त्र सहित जताततै देखिन थाले। त्यसबेला मंचबाटै बिदेशीहरूले त्यहाँका स्वदेशीहरूसित सोधे कि ती काषायवस्त्रधारी मानिसहरू कुन जातिका हुन्। विचराहरूलाई के भनौं के भनौं भयो। तिनीहरूले ती काषाय-वस्त्रधारीहरू भिक्षु श्रमण हुन् भन्ने आदि कुरा द्वारा सत्यासत्य गुट्मुट्याई परिचय दिए। ती काषायवस्त्रधारीहरू जहाँतहीँ देखिने भएपछि रंगून शहरमा घुमिरहेका तिनीहरूले सोधे कि तिनीहरू कसरी जीविका गर्छन् त्यसको जवाफमा तिनीहरूले



Downloaded from http://dhamma.digital/

शहरको धनी मानी गण्यमान्य गृहस्थीहरूले त्यस्तालाई भिक्षा दिने, दान प्रदान गर्ने कुरा बताए। यसरी सोध्नेलाई थाहा नभए झैं जवाफ दिनेले पनि अन्दाजको भरमा जवाब दिए।

## नीति नियम छैन

एकपटक त्यहाँका स्मारक चैत्यहरू यतिका लाम्चुच्चे आकार गरी विभिन्न चीज वस्तुहरू राखी बनाई राखेका कारण सोधे। आफूलाई राम्ररी थाहा नभए पनि जवाफ त दिनै पर्‍यो र नियम नीति नभएको कुरा बताए। त्यस विषयमा सवाल जवाफ हुँदा असंख्य कल्पअघि देखि नै त्यहाँ नियम नीति विहीन भएको देखिन्छ। अतः त्यहाँ नियम नीति बनाउन अति दुष्कर भइराखेको छ।

## बुद्धको नियम नीति

खानपान आदि पर्यन्त बुद्धको नियम नीतिको अनुसरण न गरेकोले शासन पतन हुँदैछ। बुद्धको नियम नीतिको अनु–सरण गर्दै आइरहेको भए आजसम्म शासन शीर्षस्थानमा नै रहिरहने थियो। बुद्धको नियम नीति अनुसार हिँड्डुल गर्नु, रहन सहन हुनु, धर्माचरण गर्नु र भावना बृद्धि गर्नु अत्यावश्यक कुरा हो।' यसो नगरी सुखै पाउँदैन। बुद्धको नियम नीति कति-को उपयुक्त छ भन्ने कुरा विश्वमा चिनाउनै पर्छ। बुद्धधर्मलाई हेला गर्नेहरूलाई बुद्धको नियम नीति बुझाउनै पर्छ। त्यस



Downloaded from http://dhamma.digital/

कारण राम्ररी रहन सहन गरी बसोबास गर्नुपर्दछ।

अनुमानको अतिरिक्त आकप्प आकार प्रकार हेरी कुरा गर्ने, र अनुहार खिस्स पारी कुरा गर्ने आदि जुनसुकै कुरालाई जस्तो सुकै रूपमा भने पनि सत्य र झूठ बोलेको आवाज थाहा हुने हुन्छ। आकप्प आकार प्रकार हेर्दा शारीरिक प्रक्रिया र वाचसिक प्रक्रिया दुबैलाई हेर्नुपर्छ।

## ग्रन्थद्वारा बुद्धिप्रदर्शन

ग्रन्थहरू र शारीरिक प्रक्रियाद्वारा कसको बुद्धि कति प्रख्यात छ भनी दर्शाउँछ। भनिएकोछ —

**गतेनेला पलोभेन्ति; पेक्खिते नह्मितेन च।**
**अथोपि दुन्निवत्थेन; मञ्जूना भणितेन च॥**

मानिसले एकअर्कालाई फकाउँदाको कुरा भनौं कि एक जना महिलाले एक जना पुरुषलाई फकाउन लाग्दा उसको आवत जावत र हिँडाईलाई हेरेर पनि थाहापाउन सकिन्छ। आँखाको हेराई देखेर पनि उनको मनमा के कस्तो भइराखेको छ भनी अनुमान गर्न सकिन्छ। आँखाको झिम्काईले पनि उनको मनमा कस्तो लागिरहेको छ भन्ने कुरा अनुमान गर्न सकिन्छ। कसिएको, र फुकिएको आदि पहिरनले समेत उनको मनमा के कस्तो भइरहेको छ भन्ने बुझिन्छ। कुरा गरेमा आवाज, र कुराको प्रकृतिको अतिरिक्त बनाई बनाई बोलिरहेको कुरा आदिद्वारा पनि उसको मन कस्तो छ भन्ने कुरा जान्न सकिन्छ। यसरी ग्रन्थद्वारा बुद्धिको प्रदर्शन थाहा हुन्छ।



Downloaded from http://dhamma.digital/

## श्रावस्ती राजगृहमा दिनहुँ पुग्छु

म जस्तो गाउँको मान्छेले के बुझ्छु र ! तैपनि ग्रन्थमा घरको भित्री बाहिरी आकारप्रकार, आश्रम, गाउँ र नगरको भित्री बाहिरी जम्मै आकारप्रकारका कुरा गाभिएका हुन्छन् र त्यहाँको कुरा बुझिन्छ। तसर्थ कसै कसैले भन्छन्, "यो भिक्षु महाशय, शहर गाउँमा घुम्दैन तर ग्रन्थ लेख्दा चाहिँ गाउँ शहरका जम्मै कुरा थाहा पाए जस्तो लेख्छ।" म यद्यपि बर्माको गाउँ नगर घुम्दिन तर श्रावस्ती। राजगृहका नगरहरूमा त दिनहुँ पुगिराखेको छु। राजाको दरबारमा पनि पुगिरहेको छु। विशाखा र अनाथपिण्डिकहरूको घरमा पनि पुग्छु। यसरी श्रावस्ती राजगृहका गाउँ र नगरहरूमा पुगिराखेको हुँदा त्यहाँका मानिसहरू पनि त्यस्तै हुँदा हुन्; त्यहाँका मानिसहरू पनि त्यहाँका जस्ता लोभ, दोष र मोहले भिजेका हुन्; ईर्ष्या, मात्सर्य र अभिमानले भरिएका हुन्, श्रद्धा प्रज्ञाले बनेका पनि छन् भन्ने मैले ठानेको हूँ। यसरी नै श्रावस्तीमा मानिसहरू कस्ता छन् र राजगृहका महिलाहरू कस्ता छन् भन्ने जानेर रंगूनमा मानिसहरू के कस्ता छन्; मण्डलेका महिलाहरू कस्ता छन् भन्नुमा के फरक पर्‍यो र !

## श्रावस्ती र रंगून

लोभ, दोष, मोह, मान, ईर्ष्या, मात्सर्य र श्रद्धा, प्रज्ञा,



Downloaded from http://dhamma.digital/

मैत्री, करुणा, मुदिता आदि धर्महरू एक अर्कोमा त्यस्तै हुन्। राम्रा भए पनि यस्तै धर्महरू हुन्। राजगृहका नराम्रा धर्महरू पनि त्यस्तै धर्महरू हुन्। श्रावस्तीका राम्रा र नराम्रा धर्महरू पनि त्यस्तै धर्महरू हुन्। रंगूनका राम्रा तत्वहरू पनि श्रावस्तीका धर्महरूसित के फरक छन् र! रंगूनका नराम्रा धर्महरू पनि श्रावस्तीसँग के मा फरक छन् र! तसर्थ ग्रन्थका कुराहरू राम्रा भएकाले विशिष्ट धर्मलाभ भएको नभएको कुरा ग्रन्थहरूमा उल्लिखित भई अनुमानले जानिने हुन्छ। पच्चक्खसिद्ध—प्रत्यक्ष रूपमा पनि जानिन्छ। आकप्प-सिद्ध-तिनीहरूमा आकार प्रकारलाई हेर्दा पनि जान्न सकिन्छ।

## तीन प्रकारका सिद्ध

आधुनिक युगमा प्रज्ञाविद्हरूले कुनै एक क्रिया कलाप-लाई जान्नका लागि अनुमानसिद्धले हेर्ने गर्नुपर्छ, पच्चक्ख-सिद्धले प्रत्यक्ष गतिविधिलाई नै हेर्ने गर्नुपर्छ, आकप्पसिद्ध-तिनीहरूको शारीरिक आकार प्रकार र वाचसिक आकार प्रकारले पनि के भन्न खोजेको हो जान्ने गर्नुपर्छ। मुखले नै भन; अखवारमा जे जति छाप आन्तरिक मनस्थिति कस्तो छ भन्ने कुरा बुझ्न सकिन्छ। कसलाई जानिन्छ त ? मित्रबीच परस्पर कुरा गर्दा पनि जानिन्छ। गुरु शिष्य कुरा गर्दा पनि जानिन्छ। राजनीति खेल्नेहरूले मुखले बोल्दा पनि जानिन्छ। राजनीति खेल्नेहरूले अखवारमा लेख्दा पनि जानिन्छ। यो कुरा तीन प्रकारका सिद्धहरूद्वारा जानिन्छ।



Downloaded from http://dhamma.digital/

**जति छल कपट गरिन्छ त्यति नै अपराध ठूलो हुन्छ त**

त्यस कारण विहारमा संघहरूले ढाँट्नुहुन्न । केही कुरा सोद्धा न ढाँटी सही सही कुरा भन्नुपर्छ । ठूलो दण्ड दिइन्छ । पछि (त्यस्तो) न गर्नू । तिनीहरूले सही कुरा भन्न चाहन्न । जति जति ढाँट्छ त्यति त्यति अपराध वा दण्ड ठूलो हुन्छ । ढाँटे जतिकै अपराध पनि बढ्दै जान्छ । ढाँटेको अपराध ठूलो हुन्छ; अघि गरेको भूल त्यति ठूलो हुँदैन । (अपराध) सानै भए पनि नगर । तब अलि अलि दण्ड दिए पनि पुग्छ । ढाँट्दा चाहिँ पछि जीवनभर अनविश्वास हुन जान्छ । अतएव सही सही कुरा गर्नुपर्छ किनभने हामीमा अहिलेका तीनैवटा सिद्धहरू जम्मै गाभिएका छन् ।

## ज्ञानबुद्धि चाहिन्छ

जान्न सजिलो छ त ? छैन । छँदै छैन तर त्यो जान्ने व्यक्ति ज्ञानबुद्धि भएको हुनुपर्छ । उसमा सम्झने बुद्धि छैन भने जम्मै बिग्रिन्छ र भूलमात्र हुन्छ । तब पच्चक्खसिद्ध पनि झूठो हुनेछ । आकप्पसिद्ध पनि झूठो हुनेछ । अनुमानसिद्ध पनि झूठो हुने छ । उसमा ज्ञान बुद्धि त हुनैपर्छ । ज्ञानबुद्धि कहाँबाट पाइन्छ त ? विद्याध्ययन गर्नुपर्छ । विश्वविद्यालयसम्मै विद्याध्ययन गर्नु राम्रो छ । पिटकग्रन्थहरू पनि अन्तसम्म व्यापक रूपमा अध्ययन गरिराख्नुपर्छ । नोटको भरमा परीक्षा दिने व्यक्तिहरू समर्थवान् हुँदैनन् । साँच्चिकै आद्योपान्त अध्ययन



Downloaded from http://dhamma.digital/

गरिराख्ने व्यक्तिहरूमात्र समर्थवान् हुन्छन् । यो कुरा सम्झिराख्नुपर्छ ।

यी तीन सिद्धको अतिरिक्त सद्धेय सिद्ध-भन्ने कुरा अलि अलि लामो छ । लामो गरेर भन्नुपर्नेछ । त्यसलाई उचित वातावरण भएको अर्को एक न एक दिन फेरि भन्छु । त्यहाँसम्म सुनिश्चत रूपमा सम्झिराख्नु राम्रो हुन्छ ।

## बुद्धप्रतिको विश्वासले सिद्ध हुन्छ

हिजो पच्चक्खसिद्ध अनुमान सिद्धको सम्बन्धमा विस्तृत रूपले भनिराखेको थिएँ । आकप्प सिद्ध पनि भनिराखेको थिएँ । सद्धेयसिद्धलाई पनि फेरि भन्नुपर्ला । यहाँ एउटा तथ्य अनुसरण गर्नु छ । सद्धेयसिद्ध भनेको परलोक र निर्वाण छ भनेको हो । यो हाम्रो पच्चक्खसिद्ध तरीकाले जान्न सकिन्न । त्यो त अनुमान ज्ञान अलिकति भइदिएमा अलि अलि अनुमान गरी जानिन्छ । यसरी अनुमान गर्न नसकिने स्थितिमा त सद्धेयसिद्ध (यो चाहिँ अनुमान गर्न नसकेको बेलासम्ममा बुद्धले भन्नुभएकोले परलोक वा अर्को जन्म छ भन्ने कुरा जानिन्छ । यो कुरा आफैले त देखेको छैन । बुद्धले भन्नुभएको र वहाँप्रति विश्वास भएकोले नै यो सिद्ध हुन्छ । नरक छ कि छैन ? छ भन्ने कुरा बुद्धप्रति विश्वास स्वीकारिराखिएको छ । निर्वाण छ कि छैन ? निर्वाण छ भन्ने कुरा बुद्धप्रति विश्वास भएकोले स्वीकारीराखेको छ । आफैले त जान्न सकिन्न । अनुमान गर्न सकिन्न ।



Downloaded from http://dhamma.digital/

## निश्चित गरिराख

परलोक छ। अर्को जीवन नि ? मरणपछि पुग्नुपर्ने अर्को जीवन हो। अहिले यो मनुष्यलोकमा रही भनौं भने पनि देवलोक, ब्रह्मलोक र प्रेतलोक भन्ने यी लोकहरू देख्न सकिन्न। यिनीहरूलाई पनि बुद्धप्रति विश्वास भएकोले छ भनी निश्चय गरिराखेको छ। हामीले निश्चय गरिराखेका छौं। बुद्धप्रति विश्वास राखेर निश्चय गरिराखेपछि त पुगिहाल्यो नि। यो सद्धेयसिद्ध हो। यसलाई बुद्धप्रति विश्वास राखेकोले विश्वास गरीहाल्यौं भनौं। आफूले आधार भरोसा वा शरण लिइराखेको व्यक्तिले भन्दा पनि विश्वास गरिहाल्छौं नि त। छैन भनेकोलाई पनि छैन भनी भन्ने तथाकथित भगवान् भन्नेले भनेकाकुरालाई तिनीहरूले पनि विश्वास गरेकै छ।

## अर्को तर्क

भगवान् बुद्धको पालामा तीर्थंकराचार्यहरूभन्दा अघि नै भगवान् बुद्ध भइसक्नुभएको छ। तिनीहरूमध्ये कुनै कुनै आचार्यहरू उच्छेदवादी थिए। यो जन्म सिद्धिएपछि सिद्धिहाल्यो। अर्को जन्म र परलोक भन्ने छैन। यसलाई तिनीहरूमा अंशले विश्वास गरिराखेको छ। यो सद्धेयसिद्ध हो। यसलाई पुनर्वार विचार गर्दैनन्। आफूले भरोसा लिएको व्यक्तिको कथनलाई विश्वास गरी यसलाई विश्वास गरेको हो। यसरी यसलाई विश्वास गर्नु नगर्नुद्वारा नै काम सिद्धिन्छ भन्दा



Downloaded from http://dhamma.digital/

धेरै विचार गर्ने व्यक्तिको निमित्त भने फेरि तर्क गर्ने ठाउँ हुन पुग्यो।

विश्वास गर्ने नगर्ने कुरा त्यसै छाडौं। साँच्चिकै यो कुरा छ छैन यो महत्वपूर्ण हुन पुगेको छ। यसलाई ज्ञानवान् व्यक्तिलाई फेरि तर्क गर्नु नै छ। तर्क गर्दैन भने ज्ञानाभाव भएको हुन जान्छ। विश्वास गरेपछि फेरि तर्क गर्नु छ। भगवान् बुद्धले फेरि तर्क गर्नुभए पनि ज्ञानले देख्न जान्न सक्ने दिव्यचक्षु जस्तो त त्यहाँ छैन। अतीतका घटनाहरूलाई सम्झन सक्ने जातिस्मरण जस्तो ज्ञान त छैन। त्यसो नहुँदा एक्कासी विश्वास गर्नुपर्दा मन ढुक्क पार्ने स्थिति छैन।

## स्खलित नहुने बाटो अपनाउनुपर्छ

भगवान् बुद्धले "स्खलित नहुने बाटो अपनाए" भन्नु-भएको छ। यो अति नै राम्रो छ। "आफूमा दक्षता छैन भने स्खलित नहुने बाटो अपनाऊ" त्यसो भए स्खलित नहुने बाटो कसरी अपनाउने त? अलिकति स्खलित हुने बित्तिकै विश्वास पनि झूठो हुन्छ। आफूले विश्वास त गरिराखेका छन् तर होइन। झूठो हुने बित्तिकै निकै अप्ठेरो परिहाल्ला; दुःख भइहाल्ला नि। यो भरोसा लिएको जुनसुकै व्यक्तिको कुरो भए पनि आफूले दक्षतापूर्वक अपनाउन न सकिने स्थितिमा विश्वासले मात्र सिध्याउनुपर्दा स्खलित न हुने बाटो अपनाउनु राम्रो छ। यो अति नै मानवधर्म युक्त र सन्तोषप्रद छ।



Downloaded from http://dhamma.digital/

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## भाषापरिवर्तकका पुस्तकहरू

**प्रकाशित –**

१. पायासि सुत्त (अनुवाद)
२. तथागतया ह्मापांगु उपदेश: धर्मचक्र प्रवर्तनसूत्र
३. य:ह्म म्ह्याय् (उपन्यास)
४. अभिधम्मत्थ-संगहो भाग-१
५. नेपा:मि व बर्मालिसे स्वापु
६. केही बौद्ध गीतहरू (सम्पादन)
७. त्रिरत्न गुणानुस्मरण [केही-बौद्ध गीत सहित] (सम्पादन)
८. राहुलयात तथागतया उपदेश
९. अहिंसा विजय
१०. पञ्चशीलया महत्व
११. विश्वधर्मप्रचार देशनाभाग-१
१२. विश्वधर्म प्रचार देशना भाग-२
१३. लुम्बिनी विपश्यना
१४. गुपु जातकमुना
१५. पुण्य-पुष्प (भिर्पव: स्वां)
१६. उत्पलवर्णा स्थविर
१७. वम्मिक सुत्त
१८. दृष्टि व तृष्णा त्यहे थनेगु उपदेश
१९. संक्षिप्त भावनाविधि
२०. पट्ठानपालि
२१. उभय पातिमोक्ख
२२. संक्षिप्त विपस्सना निर्देशित (सम्पादन)
२३. महास्मृतिप्रस्थान सूत्र
२४. दुश्चरित्र अपराध भय विमुक्ति उपदेश
२५. सचित्र गार्हस्थ्य प्रतिपत्ति उपदे
२६. जीवनया समस्या

**प्रेसमा –**

१. अभिधम्मत्थ संग्रह (सम्पूर्ण)
२. बुद्ध र बुद्धवाद
३. सल्लेख सूत्रोपदेश
४. साँचो प्रेम गर(?)(तपाईंको हातमा

**प्रकाशनको प्रतीक्षामा –**

१, धर्मचक्र सूत्रोपदेश (व्याख्या सहित)
२. श्रेष्ठ पवित्र श्रोतापन्न
३. अभिधर्म: परिचय
४. व्यावहारिक अभिधर्म आ

Downloaded from http://dhamma.digital/